# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मुसहर शब्दको उत्पत्ति संस्कृत 'दल' धातुमा इत (दल+इत्) प्रत्यय लागेर बनेको हो । जसको शाब्दिक अर्थ मोडिएको, पिसिएको दमनद्वारा शान्त पारिएको हुन्छ । (Jup-Nepal, 2001) त्यसैगरी बृहत् नेपाली शब्दकोश (२०५०) ले मुसहर समुदायलाई फग्ल्याँटै फग्ल्याटा परिएको, दमन गरिएको, थिचिएको, कुल्चिएको, विध्वंश गरिएको वर्गलाई जनाउँछ ।

मानव समाज आदिमकालमा आपसी सद्भाव एवम् कुनै किसिमको भेदभाव मुक्त बिल्कुलै साम्यवादी व्यवस्था रहेको थियो । त्यतिबेला जहाँ वर्ण तथा जातपात जस्ता कुरा थिएनन् । भारतमा ई.पू. ४०० तिर जन्मिएको जातीय छुवाछुत नेपालको तराई प्रदेश हुँदै हुँदै उपत्यकासम्म पहाडी भू-भागमा फैलियो, जुन मध्यकालमा (ई.सं. ८७९-१७८६) खुब विकसित भयो । खास गरी काठमाडौँका राजा जयस्थिति मल्ल (ई.सं. १३६०-९५) ले तत्कालीन नेपाली समाजलाई ४ वर्ण र ३६ जात तथा ७२५ उपजातहरू कायम गराए अनि ब्राह्मण गुरु पुरोहितहरूको ईशारामा यो जातपात एवम् छुवाछुत प्रथालाई सामाजिक कानुनको रूपमा यहाँ लाद्ने काम गरे । (विश्वकर्मा, २०५४) त्यसै गरी विश्व मानव समाजमा पनि विभिन्न धार्मिक समुदायहरू छन् । ती समुदायहरूमा पनि विभिन्न विभेद र जातिवादले श्रेय पाएको पाइन्छ । जस्तै : मुश्लिम धर्ममा 'सिया' र 'सुन्नी', त्यसैगरी इशाई धर्ममा क्याथोलिक र प्रोटेष्टाइन तथा यहुदी र गैर यहुदीजस्ता जातिवाद रहेको पाइन्छ । बौद्ध धर्ममा महायान, हिनयान, बज्रयान र लामावाद गरी चार सम्प्रदायहरू छन् । यसरी मानव समुदाय विभिन्न जातजातिमा विभक्त रहेको पाइन्छ (शर्मा, २०५८) ।

सम्पूर्ण विश्व मानव समुदाय, जुन एउटा सिङ्गो मानव जातिका रूपमा रहेका छन् । अहिले विभिन्न जाति तथा वर्गमा खण्डित भएका छन्  । सनातन धर्मको रूपमा रहेको हिन्दू धर्म लगायत अन्य धर्मलाई कलङ्कित पार्ने यो जातीय प्रथालाई विश्वकै आठौँ आश्चर्यको  रूपमा लिएको पाइन्छ (शास्त्री, १९९६) ।

यस जातीय प्रथा एवम् मानव समाजको जातीय प्रथाको उत्पत्तिसम्बन्धी विभिन्न दृष्टिकोणहरू रहेको पाइन्छ । परम्परागत सिद्धान्त अनुसार जातको उत्पत्ति हिन्दू धर्मशास्त्र ऋग्वेदको पुरुष सूरुमा आधारित छ । यस अनुसार विश्वरूप बिराट्पुरुषको मुख ब्राह्मण हात क्षेत्रीय, जाँघ वैश्य र खुट्टा शुद्र थिए । (ऋग्वेद, १०/१९/१२) त्यस्तै भाव अर्थवेद (१९/६/६) र यजुर्वेद (३१/१०-११) मा उल्लेख गरिएको पाइन्छ । राजनैतिक सिद्धान्त अनुसार स्वार्थलाई जाति विभाजनका कारकको रूपमा लिएका छन् । चतुर राजनीतिज्ञहरूले पुरुष सत्ताको आधारमा जाति व्यवस्थाको सिर्जना गरे । (Dubois, 1979) त्यसैगरी कुलीन वर्गको लागि विशेषाधिकार र निम्न वर्गलाई प्रतिबन्धित गर्न लागि जाति व्यवस्थाको उत्पत्ति भएको हो । (डा.सिंह १९९३) त्यसैगरी धार्मिक सिद्धान्तअनुसार जाति व्यवस्था उत्पत्तिको प्रमुख कारणमा धार्मिक संस्कारलाई मान्छ । आफूलाई ज्ञानवान तथा धार्मिक व्यक्तिहरू यस सिद्धान्त अनुसार धार्मिक व्यक्तिहरू आफूलाई ज्ञानवान् तथा उच्च ठान्छन् भने अधार्मिक व्यक्तिलाई अधार्मिक ठान्न बाध्य बनाइन्छ (Hocart, 1966)।

भौगोलिक सिद्धान्त जसका विचारक Gilbert थिए । उनले स्थानीयबासीहरू अप्रवासीलाई रक्त मिसनबाट जोगाउन जाति व्यवस्थाको विकास गरे । Cultural Intergration Theory अनुसार, दुई भिन्नभिन्न जातिहरूबीच विवाह भएर जन्मेको सन्तानलाई अर्को नयाँ जातमा राखियो । जस्तै : क्षेत्रीय पुरुष र वैश्य महिलाबाट जन्मेको बालक पौलकस जात, ब्राह्मण पुरुष र शुद्र स्त्रीबाट जन्मेको बालक पार्शव आदि । (धर्मशास्त्रको इतिहास) आर्थिक सिद्धान्तअनुसार आर्थिक

सम्पन्न र विपन्नताले जातको उत्पत्ति हुन्छ। धनीहरू माथिल्लो जाति र गरिबहरू तल्लो जात हुने गर्दछ । (मार्क्स, १९८६) Racial Theory अनुसार प्रजातीय या नश्लको शुद्धता या विशिष्टता प्रदर्शन गर्नलाई जाति व्यवस्थाको उत्पत्ति हुने गर्छ। आफ्नो जातीय पवित्रतालाई संरक्षित राख्नु हिन्दूहरूले वर्ण व्यवस्थाको सुरुवात गरे। (थोमस, १९६५) त्यसैगरी विकासवादी सिद्धान्तअनुसार समाजको विकास र समयको परिवर्तनको क्रममा जाति व्यवस्थाको विकास भएको मानिन्छ। मानवहरू जब जङ्गली फिरन्ते जीवन पार गरी कृषक जीवनमा प्रवेश गरे त्यसैबेला जातीय संस्कारको विकास गरेर पछि आर्थिक स्थिति र वैवाहिक सम्बन्धले सहयोग गरे। (Ibbetson, 19) अपराधिक सिद्धान्तअनुसार मानव समाजमा अपराध गर्ने व्यक्तिलाई सामाजिक बहिष्कार गर्ने र उसको अपराध कर्मअनुसार नाम दिने उद्देश्यले जाति व्यवस्थाको उत्पत्ति भएको मानिन्छ। कार्यगत सिद्धान्त, जसले जातीय वर्गीकरण र उत्पत्तिको प्रमुख कारण सामाजिक कार्यभेद, पेसाको वर्गीकरण हो। (कम्ते, १८३७) समाजमा राम्रा नराम्रा दुवै पेसाहरू थिए। अतः घृणित पेसामा लाग्ने जाति तल्लो जाति कहलाइयो (Nesphilal, 1970) संकृतिकरणको सिद्धान्तअनुसार स्वस्थ, सफा, शिक्षित र सुसंस्कृत व्यक्ति वा समूहले ती कुराको अभाव भएका असभ्य समूहलाई घृणाको दृष्टिले हेर्न थाले र आफूलाई उच्च ठानी तिनीहरूबाट अलग रहन थाले। यसरी जाति व्यवस्था र नयाँ जातिको उत्पत्ति भयो। सभ्य र उच्च तथा असभ्य र गँवार निम्न जाति भयो। यसरी नेपाली हिन्दू समाजमा रहेका विभिन्न जातजातिमध्ये मुसहर जातिको रूपमा मुसहर जाति पनि एक हो। यो जातिका मानिसहरू द्रविड जातिका सन्तान हुन् भने कुरा प्राचीन इतिहासमा उल्लेखित छ। (सदा, २००४) यो जातिका आधिकांश मानिसहरू काला रङ्गका हुन्छन् किनकी यिनीहरू तराईको टड्कारो घाममा दिनभरी खेतबारीमा काम गर्नुपर्ने हुन्छ। भूमिहीन रूपमा रहेका मुसहरहरू अरुकै खेतबारीमा कृषि मजदुरको रूपमा आफ्नो पसिना बगाउने गर्दछन्। प्राचीनकालमा जङ्गलमा बसेर तपस्या गर्ने, जङ्गली

फलफूल खाने यस जातिको चर्चा परिचर्चा रामायणमा पनि उल्लेख गरिएको पाइन्छ । आतिथ्य सत्कारमा चुर्लुम्मै डुवेको ‘सबरी’ एक मुसहर जाति थिईन् । उनी वनबासको समयमा सीताको विरहमा रहेको रामलाई भेटेकी थिईन् । ( रामायण) त्यस्तै यी जातिहरू जङ्गली जीवन बिताउँदै आए पनि कृषि युगमा मानव समाजमा प्रवेश गरेपछि यिनीहरूको सोझोपन, र कालोवर्गका कारण श्रमशोषण तत्कालीन भू-पतिद्वारा हुँदै हालको अवस्थामा आइपुगेको पाइन्छ । परम्परागत रूपमा सिकार खेल्न सिपालु यस जातिका मानिसहरू धान खेतमा मुसो मार्ने, मुसाको दुलो (मुसहन) खनेर मुसाले लुकाएर राखेको धान खोस्ने तथा मुसोलाई समेत मारेर खाने गर्दथे । परम्परागत पेसामा काठ दाउरा सङ्कलन गर्ने, जङ्गली जडिबुडी, घाँसपात सङ्कलन गर्ने, कृषि ज्यालादारीजस्ता कार्य गरी जीवनयापन गर्ने यस जातिको जीवन निकै कष्टपूर्ण रहेको पाइन्छ । (Sharring, 1872) यसका साथै मह काट्ने र चरा बेच्ने (Ibid, 1872) पनि गर्ने गरेको पाइन्छ । कृषि भू-पतिको घरमा ‘हरवाह’ चेरवाहका रूपमा रही वर्षेनी ४/५ मुरी धान दिने त्यसको बदलामा वर्षभरी हलो जोत्नुपर्ने, करारमा बस्नुपर्नेजस्ता परम्परामा मुसहरहरू बाँच्नुपरेको छ । यिनीहरूले लगाउने लुगा तराईको गर्मी भू-भागमा लगाउने धोती, कुर्ता, साडी, चोलो लगाउँछन् भने केटाहरू पेन्ट, जिन्स, भेष्ट लगाउने गर्दछ (Save the Children, 2001)।

नेपालको तरायन प्राचीन जातिको रूपमा परिचित मुसहरुहरुको आफ्नैपन छ तर गरिबी भोक, रोग अशिक्षा एवम् मानवीय आधारभूत आवश्यकताको परिपूर्तिबाट बञ्चित छन् । अधिकांश भूमिहीन, गरिबी, भोकमरीको चपेटामा परेका उनीहरुको मुख्य पेसा कृषिकर्मलाई स्वीकार गरेका छन् । दिनहुँ कडा श्रम गरी जीवनयापन गर्ने यिनीहरुको जीवन निकै दुःख कष्टकर रहेको पाइन्छ । आफैले कमाएको दैनिक ज्यालाको आधाभन्दा बढी रकम कुलतमा खर्च गर्ने कार्य गर्दछन् । कातिर उनीहरुसँग परमपरागत काम गर्ने शैलीबाहेक कुनै किसिमको आधुनिक बजारमा प्रतिस्पर्धा गर्ने सीप र दक्षताको अभाव देखिन्छ । यस्तो अवस्थाले एक त स्वस्थ

सामाजिक जीवनयापनमा निकै असर परेको पाइन्छ भने अर्को आधुनिक समाजिक प्रतिस्पर्धाबाट टाढिँदै गएको पाइन्छ ।

## १.२ समस्याको कथन

शिक्षाको राष्ट्रिय कार्यक्रम "सबैका लागि शिक्षा" भन्ने नारालाई पुष्टि गर्न सन् १९९० मा थाइल्याण्डको राजधानी जोमटेनमा आयोजना गरिएको विश्व शिक्षा मञ्चमा उपस्थित विश्वका ११८ राष्ट्रका शिक्षा प्रतिनिधिहरूले सामूहिक रूपमा व्यक्त प्रतिबद्धता अनुसार सन् २००० सम्म सत्प्रतिशत नै आधारभूत प्राथमिक शिक्षा प्रदान गर्ने लक्ष्य राखिएको थियो । त्यस सम्मेलनमा सहभागी नेपालले पनि सो लक्ष्य पूरा गर्न नीति निर्माण गरी शिक्षाको लक्ष्य लिएको थियो, जुन घोषणा खास वर्गमा नै सीमित रहन पुग्यो । सरकारले विद्यालय स्थापना र पूर्वाधार जुटाए पनि मुसहरहरूको विद्यालयसम्म पहुँच कठिन भएको छ, जसलाई उनीहरूको शैक्षिक अवस्थाले व्यक्त गरेको देखिन्छ । राष्ट्रिय जनगणना २०५८ अनुसार मुसहरहरूको साक्षरटा ६.२४% त्यसैगरी औपचारिक शिक्षातिर प्राथमिक तहमा १.४% माध्यमिक तहमा ०.४% तथा उच्च माध्यमिक तहमा ०.००१% रहेको पाइन्छ (CBS, 2001)।

यसै अवस्थामा मुसहरहरूको कमजोर शैक्षिक अवस्था, जुन सम्पूर्ण विकासका केन्द्रीय पक्षका रूपमा स्वीकार गरी यिनीहरूको शैक्षिक अवस्थाको विकास गर्न अग्रसर विभिन्न सरकारी गैरसरकारी संघ संस्थाहरुले कार्यक्रमहरुले मुसहर समुदायमा अग्रसर छ । यसै अवस्थाको एक नमूनाको रुपमा सिरहा जिल्लाका राजपुर गा.वि.स. वडा नं. ६ लाई छनोट गरी सो गा.वि.स.मा विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन गरेका संघ संस्थाहरु र तिनका कार्यक्रमहरु के-कस्ता छन ? ती संघसंस्थाका कार्यक्रमहरूको कार्यान्वयन अवस्था कस्तो छ ? ती

कार्यक्रमहरूको महत्व ? प्रभावकारिता तथा थप नयाँ कार्यक्रम सम्बन्धी योजनाजस्ता प्रश्नहरूको उत्तरु दिने प्रयास गरेको छ । बुँदागत रूपमा यस अध्ययनबाट निम्न प्रश्नहरूको उत्तर दिने तथा कुराहरू समेट्ने प्रयास गरिएको छ । अर्थात निम्न बुँदाहरूलाई समस्याको रूपमा लिएको छ ।

अध्ययन क्षेत्रका वयस्क मुसहर र तिनका बालबालिकाहरूको शैक्षिक अवस्था तथा उनीहरूको शैक्षिक अवस्था पारिवारिक अवस्था तथा उनीहरूको आर्थिक अवस्था के कस्तो छ ? मुसहरहरूको शैक्षिक अवस्था असल हुने के कस्ता छन् ? मुसहरहरूको समुदायमा रहेका संघसंस्थाका संचालित शैक्षिक कार्यक्रमको कार्यान्वयन र प्रभाव के कस्तो छ ? ती संघसंस्थाले आउँदा दिनमा ल्याउन खोजेको कार्यत्रमहरूको के कस्ता छन् ? कार्यक्रमका सहभागीहरूको कार्यक्रमप्रतिको धारणा के कस्ता छन् ? आदि प्रश्नहरुको उत्तरलाई खोज्ने र समस्या समाधान गर्ने गरी यो अध्ययन शीर्षक 'मुसहर जातिको शैक्षिक अवस्था र सोको विकासमा संघसंस्थाको भूमिका' राखिएको हो ।

## १.३ अध्ययनको औचित्य

नेपालको केन्द्रीकृत राज्यको संरचनाले नेपाली समाजमा ल्याएका विभिन्न सामाजिक जटिलता र त्यसले उत्पन्न गरेका समस्याहरूमध्ये सामाजिक भेदभाव पनि एक हो र वि.सं. २०४६ सालको जनआन्दोलन (भाग १) प्रश्चात प्रजातन्त्रको पुनः स्थापनापश्चात देशले खुलापनको नीति स्वीकार गरे । यस खुल्लापनको कारण विदेशी राष्ट्रहरू र त्यहाँका संघसंस्था एवम् अन्तर्राष्ट्रिय संघसंस्थाहरूले विभिन्न पिछडिएका एवम् राष्ट्रको मूल प्रवाहबाट अलग समूहहरू जस्तै गरिब, मुसहर, जनजातिहरूको आर्थिक, शैक्षिक विकासमा सांस्कृतिक संरक्षणका निम्ति गैरसरकारी संघसंस्था मार्फत विभिन्न कार्यक्रमहरू ल्याउन थाले । यसै परिपेक्षमा

तराईमा बसोबास गर्ने तरायन मुसहरहरूको शैक्षिक पक्षको विकासमा पनि विभिन्न संघसंस्थाहरूले दाता राष्ट्रहरूको सहयोगमा विभिन्न कार्यक्रम संचालन गर्दै आएका देखिन्छ ।

यसरी अध्ययनकर्ताहरूले यस अध्ययनका निम्ति संकटमा परेका मुसहर जाति र तिनीहरूको समुदायमा संचालित विभिन्न शैक्षिक कार्यक्रम र संघसंस्थाहरूलाई छनौट गरेको पाइन्छ । यदि समयमै यी विभिन्न संस्थाहरूले संचालन गरेका कार्यक्रमहरू, तिनीहरूको अवस्था तथा त्यसले ल्याएका प्रभाव तथा मुसहरहरूको विकासका वाहक तत्व शिक्षालाई आमसाथ गरिएन भने उनीहरूको पहिचान नै समाप्त हुने अवस्था आउने संभावना व्यापक रूपमा रहेको देखिन्छ, जुन भोलिको नेपालको लागि अर्को एउटा संकट उत्पन्न हुन सक्ने हुनाले यो अध्ययन शीर्षक ( मुसहर जातिको शैक्षिक विकासमा संघसंस्थाका भूमिका एक अध्ययन औचित्यपूर्ण छ ।

## १.४ अध्ययनको उद्देश्य

यो अध्ययन कार्यको सीमा निम्न अनुसार राखिएका थिए-

(क) यो अध्ययनको अध्ययन क्षेत्र सिरहा जिल्लाको राजपुर गा.वि.स. वडा नं. ६ को मुसहर जातिमा मात्र गरिएको थियो ।

(ख) यो अध्ययन क्षेत्रका मुसहर समुदायको शैक्षिक पक्षमा मात्र सीमित गरिएको थियो ।

(ग) मुसहरहरूको शैक्षिक पक्ष अन्तर्गत संघसंस्थाका शैक्षिक कार्यक्रमहरूमा मात्र सीमित गरिएको थियो

(घ) अध्ययन क्षेत्रमा क्रियाशील संघसंस्थाहरू र तिनका कार्यक्रम सहभागीतामा सीमित गरिएको थियो ।

(ङ) अध्ययन क्षेत्रका शैक्षिक कार्यक्रमको सहभागिमा मात्र सीमित गरिएको थियो ।

## १.५ अनुसन्धान प्रश्न

अध्ययन अनुसन्धान कार्यमा उपयोग गरिएका शब्दावली र तत्वहरू स्पष्ट पार्नु पर्ने मान्यता अनुरूप यस अध्ययन कार्यमा प्रयोग गरिए शब्दावली र तथ्य यसरी परिभाषित गर्न सकिन्छ ।

(क) मुसहन : पुष माघ महिनातिर धानको खेतबारीमा मुसाले धानको बाला काटेर दुलो भित्र लग्छ र मुसोले बनाएका दुलोलाई बुझाउँछ ।

(ख) दिना राम दिनाभद्री : मुसहरहरूको कूल गुरु वा कूल देवातालाई जनाउँछ ।

(ग) साम्यवादी व्यवस्था : समानताको अवस्थालाई जनाउँछ ।

(घ) संघसंस्था : अध्ययन क्षेत्रमा क्रियाशील विभिन्न गैरसरकारी संघसंस्थालाई जनाउँछ ।

(ङ) सहभागी : अध्ययन क्षेत्रमा क्रियाशील गैरसरकारी संघसंस्थाका कार्यक्रमहरूमा सहभागीहरूलाई जनाउँछ ।

(च) अध्ययन क्षेत्र : अध्ययन गरिएको सिरहा जिल्लाको राजपुर गा.वि.स. वडा नं. ६ गढिया गाउँलाई जनाउँछ ।

## १.६ अध्ययनको परिसिमा

यस अध्ययनका मुख्य उद्देश्यहरू निम्न अनुसार राखिएका थिए

१. वालवालिकाहरुका शैक्षिक उपलव्धीस्तर पत्ता लगाउने ।

२. मुसहर वालवालिकाहरुको शैक्षिक उपलव्धीस्तरमा प्रभाव पार्ने तत्वहरु खोजी गर्नु ।

३. मुसहर वालवालिकाहरुको शैक्षिक उपलव्धी स्तरमा सरोकारवालाहरुको दृष्टीकोण पहिचान गर्नु ।

४. मुसहर वालवालिकाहरुको शैक्षिक उपलव्धीस्तरको समस्या समाधानका उपायहरु उल्लेख गर्नु ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अनुसन्धान लेखनकार्य गर्दा पूर्व सामग्रीहरूको पुनरावलोकन तथ्याङ्कको प्रकृति स्रोतहरू छनौट गरी विश्लेषण गर्न प्रश्नावली तयार गर्न आदि काममा सहयोग हुन्छ । यो मुसहर मुसहर जातिको संस्कृति, कला, जीवनशैली भेषभूषा, आर्थिक, शैक्षिक समग्र पक्षमा मोटामोटी रूपमा केही अध्ययन भए् पनि शैक्षिक पक्ष जसलाई महत्वपूर्ण पक्षको रूपमा लिई अध्ययन अनुसन्धान गरेको पाइँदैन । तै पनि केही विद्वान्हरुले गरेका अनुसन्धानात्मक लेख, रचना एवम् पुस्तकको अध्ययनबाट निस्किएको निचोडलाई यहाँ विवेचना गर्ने प्रयस गरिएको छ

नेपालमा मुसहर मानव अधिकारको अवस्था र कानुनी व्यवस्था' मा उनले उत्पीडित मुसहर समुदायको मानवअधिकारको स्थितिमा केन्द्रित भई दुई भागमा विभक्त पारी यस कृतिमा हजारौँ वर्षदेखि जातीय विभेद र छुवाछुतबाट ग्रसित, उत्पीडित मुसहर समुदायको परिचय उनीहरूलाई लादिएको सामाजिक, आर्थिक र राजनैतिक, सांस्कृतिक एवम् शैक्षिक विभेदको चर्चा गरेको पाइन्छ । मानवअधिकार उल्लङ्घनका घटनाहरू विद्रोही माओवादी एवम् राज्यले चलाएको हिंसा र प्रतिहिँसा हापुरे वार्तासम्म र त्यसपछिको समेत मुसहरको अवस्थाको विश्लेषण गरिएको छ । दोस्रो भागमा वर्तमान कानुनी व्यवस्थामा मुसहरको व्यवस्था प्रस्तुत गरिएको छ ।

यो अनुसन्धानात्मक पुस्तक लेखन किसानको अनुसन्धानको विस्तृत रूप रहेको पाइन्छ । यस पुस्तकलाई सात अध्यायमा विभक्त गरिएको छ ।  पहिलो अध्यायमा जातीय छुवाछुत प्रथाको संक्षिप्त ऐतिहासिक पृष्ठभूमि जसअन्तर्गत जाति उत्पत्तिको कारण र सिद्धान्त, प्राचीन आर्य समाज शुद्धको उत्पत्ति तथा अछुत हुने कारण, त्यस्तै दोस्रो अध्यायमा नेपालमा जातीय छुवाछुत प्रथाको प्रवेश र विकास त्यसपछि अध्याय तीनमा नेपालमा मुसहर जातीय मुक्ति आन्दोलनको ऐतिहासिक विकास, अध्याय चारमा नेपालमा मुसहर जातीय मुक्ति आन्दोलनका विघटन, पूनर्गठन र नेतृत्वको बनावट, पाँच अध्यायमा नेपालको मुसहर जातीय मुक्ति आन्दोलनका प्रमुख सैद्धान्तिक पक्षहरु तथा अन्तिम अध्यायमा नेपालको मुसहर जातीय मुक्ति आन्दोलनका विद्यमान समस्या र सुझावहरू आदि उल्लेख गरेको पाइन्छ ।

सिरहा जिल्लाको भवानीपुर गा.वि.स.को मुसहर महिलाहरूले अशिक्षाको कारणले गर्दा बच्चाहरूको जन्मदर बढी भएको मानेका छन् । दैनिक ज्यालादारीमा काम गर्ने हुँदा परिवारको संख्या ठूलो भएमा पैसा कमाउने, बच्चाहरूलाई साहु महाजनका घरमा घरायसी काममा लगाएर आम्दानी गर्नेजस्ता प्रतिफलको आशामा धेरै बच्चा जन्माउन चाहेका हुँदा जन्मदर हटाउने सम्बन्धमा नकारात्मक प्रभाव परेको देखिन्छ । पढ्न जाने उमेर भएका बच्चालाई स्कुल नपठाई घरका अन्य साना बच्चाहरू हेर्न लगाउनको लागि घरमै राख्ने गर्दा उनीहरू पढ्न पाउँदैनन् । पढ्न नपाएको खण्डमा अशिक्षाको कारण अज्ञानता भई जन्मदर बृद्धि हुन्छ । सानै उमेरमा हुने विवाह, छोरालाई बढी महत्व दिने परम्परा, परिवार नियोजनको ज्ञानको कमीले तथा घरमा Decision Making गर्ने समाजमा पुरुषको तुलनामा कम अधिकार भएकोले गर्दा पनि Fertility बढ्छ । सिचित जमिन पनि कम भएको तथा राम्रो उब्जाउ पूर्ण सिंचाई हुन सक्ने जमिन भए नियमित आम्दानी र उत्पादन बढ्न गई आर्थिक अवस्था सुधार गर्न सहयोग हुन्छ

। आर्थिक समस्याले सताएपछि शिक्षा एवम् अन्य जानकारीमूलक कुराहरूमा ध्यान दिन फूर्सद पनि हुँदैन ।

यस्ता समस्याहरू समाधानका लागि परिवार नियोजन सम्बन्धित विशेष कार्यक्रम महिलाहरूको लागि सञ्चालन गर्नुपर्ने, उत्प्रेरक राखेर परिवार नियोजन कार्यक्रम घरदैलोमा पुऱ्याउनु पर्ने, परिवार नियोजनको सचेतनाको कमिले हुने मातृ मृत्युदरको खतराको जानकारी गराउनुपर्ने सुझाव दिनुभएको छ ।

मुसहर जातिले भोग्नुपरेका समस्याहरू र शैक्षिक अवस्था महिलाको स्थान, परम्परागत कृषि मजदुरी वैकल्पिक सीपको अभाव आदि अवस्थालाई देखाइएको छ । जातिगत खास पेसा नभए पनि कृषि मजदुरी नै मुख्य पेसाको रूपमा लिएको देखिन्छ । परम्परागत विवाहमा विश्वास राख्ने भए तापनि बालविवाह क्रमश: छोड्दै गएका र परिवार नियोजनप्रति लचिलो भएको देखिन्छ । परम्परागत उपचारमा विश्वास गर्ने यो जाति सर्वप्रथम झाँक्री, धामी, झारफुक गर्ने र पछि मात्रै अस्पताल जाने गरेको देखिन्छ । कृषि मजदुरीबाट भएको आम्दानी नै यस जातिको जिविकोपार्जनको आधार बनेको देखिन्छ । मुसहरहरूको वैवाहिक स्थितिमा प्रेमविवाह, अन्तर्जातीय विवाहलाई स्वीकार गरे पनि परम्परागत विवाहलाई बढी मान्यता दिएको पाइन्छ । समग्र रूपमा यसरी आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पिछडिएको अवस्था हुनुका कारण उनीहरू भाग्यको खेल भनी आफ्नो कर्मलाई नै दोष दिने गर्दछन् ।

यस जातिको आर्थिक, सामाजिक विकासको लागि सरकारले जातिगत रूपमा नै विशेष कार्यक्रम ल्याउनुपर्ने, रोजगारीमूलक, सीपमूलक कार्यक्रम गा.वि.स. वा अन्य संघसंस्था मार्फत सञ्चालन गराउने र सीप सिकेकालाई रोजगारीको

वातावरण तयार गरिनुपर्ने, जग्गाको मालिक बनाउन सुकुम्बासी समस्या समाधान आयोग मार्फत लालपूर्जा वितरण गरी १२-१५ वर्षसम्म बेच्न नपाउने नियम बनाउनु पर्ने,यस जातिका बालबालिकाहरूलाई स्कुल पठाउन विशेष कार्यक्रमहरू ल्याउनु पर्ने र अनिवार्य विद्यालय पठाउनु पर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

मुसहरहरूको धार्मिक, सांस्कृतिक र सामाजिक अवस्थाको बारेमा प्रकाश पारेकी छन् । मुसहरहरू आर्थिक रूपले अति नै पिछाडिएको र भूमिहिन पनि भएकोले अरुको जग्गामा जोत्ने, ज्याला मजदुरी गर्ने आदि काम गर्नुपर्ने बाध्यता छ । मुसा मार्ने र खाने जाति भएकोले यिनीहरूलाई मुसहर भनिएको हो । उनले मुसहर जातिहरू आर्थिक अवस्थामा कमजोर भए पनि देवी देवतामा विश्वास राखी पूजाआजा गर्ने र धार्मिक संस्कारलाई निरन्तरता दिन्छन् भनेकी छन् । यस जातिको उत्थानका लागि सरकारी स्तरबाट रोजगारमूलक कार्यक्रम सुलभ ऋणको सुविधा, शिक्षाजस्ता कुराहरूमा प्राथमिकता दिनुपर्ने सुझाव दिनुभएको छ ।

मुसहर जातिको खानपान, रहनसहन, भेषभूषा, पेसा एवम् सामाजिक आर्थिक अवस्था आदिको बारेमा अध्ययन विश्लेषण गरेका छन् । यस अध्ययनमा उनले मसुहरहरूलाई हिन्दू वर्ग अन्तर्गतको शुद्ध जाति मानेका छन् । उनले मुसहर समुदायलाई आर्थिक रूपले गरिब तर संस्कृतिका धनी जाति भनी उल्लेख गरेका छन् ।

मोक्तान, (२०५३) ले “सिरहा जिल्लाका मुसहर महिलाको सामाजिक, आर्थिक अवस्था” शोधपत्रमा अध्ययन क्षेत्रका उत्तरदाताहरू प्रायः अशिक्षित रहेका र सानै उमेरमा विवाह गरेको देखिन्छ । परिवार नियोजन प्रयोगसम्बन्धी ज्ञानको कमी, कमजोर आर्थिक अवस्थाले महिलाहरूको तुलनात्मक रूपमा नराम्रो स्वास्थ्य

स्थिति बनाउन र यिनीहरूको आर्थिक सामाजिक अवस्था पनि एकदमै कमजोर र दयनीय रहेको पाइन्छ । शिक्षाले जन्मदर घटाउँन सहयोग गर्ने भएकोले महिला शिक्षाको स्तर वृद्धि गर्न सकिएमा बाल जन्मदर घटाउन सकिन्छ । यसको साथै रोजगारीको राम्रो अवसर, आम्दानीमूलक क्रियाकलापहरूको सञ्चालन, महिला शिक्षामा प्राथमिकता, स्वास्थ्य उपचार सम्बन्धी चेतना जगाउने र रोजगारमूलक तालिम आदि सुझावहरू दिएका छन् ।

मोरङ्ग जिल्ला दरवेसा गा.वि.स. का मुसहर समुदायमा सामाजिक, आर्थिक तत्वहरूले शिक्षामा पारेको प्रभावका सम्बन्धमा अध्ययन गर्नु भएको छ । घरमा प्रौढ व्यक्तिहरू शिक्षित भएमा छोराछोरीहरूलाई पनि पढाउने प्रवृत्ति हुन्छ । त्यस्तै जुन परिवारमा वयस्क व्यक्तिहरू मजदुरी वा श्रमिक कार्यमा बढी संलग्न छन्, उनीहरू शिक्षामा कमै संलग्न गराउँछन् । कमजोर आर्थिक अवस्था नै अशिक्षाको मूल कारण हो । बालविवाह, महिला शिक्षाप्रति समाजको नकारात्मक रुढीवादी धारणा, विद्यालयमा अध्ययन कार्यमा हुने भाषागत समस्या र शिक्षकहरूको विद्यार्थीप्रतिको व्यवहारले पनि पिछडिएका यी मुसहरहरूलाई शिक्षा ग्रहण गर्न नकारात्मक अवस्था सिर्जना भइरहेको छ । लैङ्गिक भेदभाव, परिवारको आर्थिक अवस्था, पारिवारिक शिक्षाको वातावरण, विद्यालयका सुविधाहरू आदिले पनि शिक्षा क्षेत्रमा महत्वपूर्ण प्रभाव पारिरहेका हुन्छन् । यिनीहरू ६५ जिल्लाहरूमा छरिएर रहेको भए पनि खास पूर्वी तराईका ६ वटा जिल्लाहरूमा बाहुल्यता रहेको पाइन्छ । यीमध्ये सबभन्दा बढी जनसंख्या सिरहामा बसोबास गरेको पाइन्छ ।

## २.२ अध्ययनको सैधान्तिक खाका

चेतना, शिक्षा र अज्ञानताको स्तरमा खास सुधार भएको देखिँदैन । यसले परम्परागत मूल्य, मान्यता, उपचार प्रविधि, शैक्षिक मार्गलाई उन्मुख हुन सकेको छैन । वैकल्पिक सीपको अभावको गर्दा कृषि मजदुरी बाहेक अन्य शैक्षिक

रोजगारको अवसरबाट बञ्चित छन् । शिक्षा र आर्थिक क्षेत्रमा परिवर्तन ल्याउन उनीहरूका रुचि अनुसार कार्यक्रम र अवस्था दिनुपर्ने, सरकारले जातीगत रूपमा विशेष शैक्षिक कार्यक्रम ल्याउनुपर्ने सीपमूलक, रोजगारमूलक कार्यक्रमहरू गा.वि.स. मार्फत् सञ्चालन गर्नेजस्ता सुझावहरू प्रस्तुत गरेका छन् ।

सदा, (२०६२) 'मुसहर जाति' विषयक लेखमा यस जातिको सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक, अवस्था, राजनैतिक अवस्था र दुर्व्यसनजस्ता महत्वपूर्ण पक्षहरूको विश्लेषण गरेको पाइन्छ र अन्तमा सुझावहरू  दिएका छन् ।

समाजको तथा गैरसरकारी इकाईबाट कुनै किसिमको सहयोग भएमा यो 'नेपाल सदाय संघ' मार्फत् परिचालन हुनुपर्दछ । शिक्षा, रोजगारी र राजनीतिक क्षेत्रमा विशेष आरक्षणको व्यवस्था हुनुपर्ने, बालबालिकाका लागि छात्रवृत्ति, राज्यस्तरमा सहमति भएका ज्याला अनिवार्य रूपमा लागू गर्ने आदि सुझावहरू दिएका छन् ।

Save the Children ले Children and Traditional caste in Siraha district, Nepal अध्ययन अन्तर्गत गरेको अध्ययनमा मसुहरहरुको शैक्षिक अवस्था, पारिवारिक जीवनयापन गर्ने शैली, बालविवाह जस्ता विकृति विसङ्गतिका साथै शैक्षिक अवस्था विद्यालय शिक्षालाई निरन्तरता दिन नसक्ने आर्थिक विपन्नता, छोरा र छोरीबीचको भेदभावजस्ता पक्षको चर्चा गरेको पाइन्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

यसरी मुसहरहरुको रहनसहन निकै सरल रहेको पाइन्छ । दिनभरी ज्याला मजदुरी गरी साँझपख जहान परिवारबीच बसी रमाउने यिनीहरुको थोरै आवश्यकतामा बाँच्ने गर्दछन् । साँझ र विहान हातमुख जोर्ने तथा आङ ढाक्ने लुगा लगाउन मात्र आफ्ना आवश्यकता ठान्ने मुसहरहरु केटाकेटीलाई विद्यालय पठाउनु पर्छ

भन्ने धारणाबाट अनभिज्ञ रहेको पाइन्छ । आर्थिक विपन्नताका कारण स्कुले उमेरका बालबालिकालाई आफूसँगै बालश्रम गर्न लाउने गरेका पाइन्छ । यसकारण तिनीहरुको शिक्षामा पहुँच न्यून छ । “मुसहर जन परवा धन” भन्ने भनाई एउटा प्रचलित छ त्यसले यिनीहरुको घुमन्ते रूपमा काम गर्न रुचाउने प्रवृत्ति रहेको पाइन्छ । यस घुमन्ते प्रवृत्तिका कारण पनि आफ्ना बालबालिकाको शिक्षाको बारेमा सोँच्न पाउँदैन ।

त्यसैगरी मुसहरहरु लगायत अन्य गरिब पिछडिएको वर्गको शैक्षिक तथा आर्थिक चेतना अभिवृद्धि गर्न सिरहा जिल्लामा विभिन्न INGOs' र INOs' छन् । यि जातिको सम्बन्धमा यस जिल्लाका विभिन्न समुदायिक संस्था वित्तीय संस्थाहरुले लघु ऋण कार्यक्रम सरसफाइसम्बन्धी जनचेतना शैक्षिक जनचेतना, गरिबी निवारण कार्यक्रम सञ्चालन गरेका छन् ।

यसप्रकार विभिन्न विद्वानहरुको अनुसन्धान एवम् रचनाले यस जातिका दयनीय जीवनस्तर, आयआर्जन, शैक्षिक अवस्था, रहनसहन, लवाईखवाई, संस्कृति परम्परा सम्बन्धी अध्ययन भए पनि  शैक्षिक पक्षलाई छुट्टै अध्ययनको विषयवस्तु नगरिएको परिप्रेक्ष्यमा यो अध्ययन शैक्षिक पक्षलाई मुसहरहरुको विकासमा पार्ने प्रभावमा केन्द्रित रही एउटा नयाँ आयम थपिनेछ ।

# परिच्छेद तीन
# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययन कार्यमा अधिकांश रूपले वर्णानात्मक विधिको प्रयोग गरिएको भए पनि तथ्याङ्क सङ्कलन विशलेषण तथा प्रस्तुतिको क्रममा संख्यात्मक रूपमा टेवल, चार्ट प्रयोग गरिने परिणात्मक विधि आंशिक रूपमा प्रयोग गरिएकोले यो अध्ययन मिश्रित अनुसन्धान विधि अर्थात परिमाणात्मक र गुणात्मकको संयुक्त स्वरूप प्रयोग गरिएको थियो ।

## ३.२ अध्ययनको जनसंख्या तथा नमूना छनौट

मुसहर जातिको अवस्था र सोको विकासमा संघसंस्थाहरूको भूमिका एक अध्ययन विषयमा सोध अध्ययनको लागि निम्न दुई किसिमका स्रोतहरूबाट तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.२.१ प्राथमिक स्रोतहरू

यस अन्तर्गत संघ संस्थाहरू रेडक्रम सोसाइटी सिरहा, मुसहर समाज सेवा संघ, लाहन, स्वावलम्वन विकास बैंक शाखा सिरहा तथा DSA in Nepal शाखा सिरहाको प्रमुखहरूसँग गरिएको प्रश्नावलीबाट प्राप्त सूचनाहरू, यी संस्थाहरूले संचालन गरेका शैक्षिक कार्यक्रमहरू कर्मचारी र सहभागीसँग लिएको अन्तर्वार्ता तथा सहभागीहरुको अवलोकनबाट प्राप्त सुचनाहरुलाई प्राथमिक स्रोत मानिनका साथै सूचनाहरू यस अध्ययन क्षेत्रमा गरिएका सर्वेक्षणबाट प्राप्त सूचनाहरू पनि प्राथमिक स्रोत मानिएको थियो ।

### ३.२.२ सहायक स्रोतहरू

मुसहर जाति सम्बन्धी विभिन्न संघसंस्थाहरूले गरेको अध्ययन, अनुसन्धान प्रतिवेदन, लेख रचना, बुलेटिन, राष्ट्रिय मुसहर आयोगले गरेको सर्वेक्षण प्रतिवेदन, तथ्याङ्क रिपोर्ट, केन्द्रिय तथ्याङ्क विभागको प्रतिवेदन, राष्ट्रिय जनगणना २०५८ तथा जिल्ला प्रोफाइल, गा.वि.स. प्रोफाइलबाट सङ्कलित सूचनाहरूलाई सहायक स्रोतको रूपमा प्रयोग गरिएको थियो ।

## ३.३ जनसंख्या र नमूना छनौट

यस अध्ययन कार्यमा लागी जिल्लामा गा.वि.स. राजपुर वडा नं. ६ मा स्थायी बसोबास गर्ने मुसहरहरु र उनीहरुको शैक्षिक विकासका लाीग संचालित कार्यक्रमका सहयोगी कार्यकर्ता/कर्मचारीहरु सहभागीहरू यस अध्ययनको जनसंख्या रहेको थियो ।

उनीहरूको समुदायमा शैक्षिक कार्यक्रमका सहभागी जनसंख्याबाट Purposive Random Sampling विधिको प्रयोग गरी अन्तवार्ता र अवलोकनका लागि १६ नमूना छनौट गरिएको । शैक्षिक कार्यक्रमका कर्मचारीहरुबाट एक-एक जना अर्न्तवार्ताका लाीग छनौट गरियो । यस समुदायमा कार्यक्रम संचालन गरिएको संघसंस्थाहरूका प्रमुखहरूलाई प्रश्नावलीको निम्ति गरिएको थियो । अवलोकनका निम्ति अन्तवार्ताको सहभागीहरूलाई नै छनौट गरियो ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरु

अध्ययन कार्यको लागि निम्न उपकरणहरू निर्माण गरिएको थियो ।

### ३.४.१ सर्वेक्षण

अध्ययनकर्ताले अध्ययन क्षेत्रमा बसोबास गर्ने मुसहर समुदायमा रहेको जनसंख्या उनीहरूमा महिला पुरुष बालबालिकाहरूको विवरण उनीहरूको शैक्षिक पेशागत र बचत  अवस्था त्यसैगरी पारिवारिक सदस्यहरूको संख्या, उनीहरूका बालबालिकाहरूले तथा स्वयम्ले संघसंस्थाद्वारा संचालित कार्यक्रममा सहभागिता सम्बन्धी जानकारी भएको विवरण संकलन गरिएको थियो ।

### ३.४.२  प्रश्नावली

अध्ययनकर्ताले अध्ययन क्षेत्रमा शैक्षिक विकास कार्यक्रम संचालन गर्ने संघसंस्थाहरूको प्रमुख तथा प्रमुखको अनुपस्थितिमा सहायकहरूसँग उनीहरूका संघसंस्थाले संचालन गरेको कार्यक्रमले ओगटेको क्षेत्र, कार्यक्रमका उद्देश्यहरू, कार्यक्रमको अवधि जस्ता विभिन्न जानकारीहरू संरचना र असंरचनात्मक प्रश्नावली प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४.३ अन्तर्वार्ता

अध्ययनकर्ताले अध्ययनको क्रममा सहभागीहरु र कार्यक्रमका सहयोगी कार्यकर्ता/कर्मचारीसँग अन्तर्वार्ता लिइयो । सहभागीसँग खुल्ला अन्तर्वार्ता जसमा ती संस्थाहरुले उनीहरुको दैनिक जीवनमा पारेको प्रभाव सम्बन्धमा जानकारी लिइयो । त्यसैगरी सहयोगी कार्यकर्तासँग बन्द अन्तर्वार्ता जसमा कार्यक्रमका सहभागीहरुको दैनिक जीवनमा ती कार्यक्रमहरुले पारेको प्रभाव सम्बन्धमा जानकारी संकलन गरियो ।

### ३.४.४ अवलोकन

अध्ययनकर्ताले अध्ययनको क्रममा सहभागी अवलोकन गरियो । सहभागी अवलोकनमा अन्तरवार्ताका लागि छनौट गरिएका कार्यक्रमा सहभागीहरू केन्द्रित भई उनीहरूको बानीव्यवहार लेखपढ, गर्ने सीप गणितीय सीप, सरसफाई सम्बन्धी बानीहरू पेशा व्यवसायजस्ता पक्षमा केन्द्रित भइ तथ्याङ्क संकलन गरियो र सहभागी अवलोकन उनीहरूको घरपरिवारमा गई उनीहरूलाई थाहा नदिई गरियो ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस तथ्याङ्क संकलनको कार्यविधिका सन्दर्भमा अनुसन्धानकर्ताले निर्माण गरिएको औजार/उपकरणलाई स्वयम् कार्य क्षेत्रमा गई सम्बन्धित व्यक्तिहरुसँग आमने सामने अन्तरक्रिया गरी उनीहरुको विचार र सत्य तथ्य रुपमा संकलन गरिएको थियो । उक्त प्रश्नका लागि सिरहा जिल्लाका राजपुर गा.वि.स. वडा नं. ६ मुसहर समुदायमा आफै उपस्थित भई त्यहाँका व्यक्तिको शैक्षिक, कार्यक्रमका सहभागीहरुसँग र कार्यक्रमका कर्मचारीसँग अन्तर्वार्ता, संघसंस्थाका प्रमुखसँग प्रश्नावली प्रस्तुत गरिएको थियो । यसैगरी अध्ययन क्षेत्रमा बसोबास गर्ने मुसहरहरुको शैक्षिक अवस्था, पारिवारिक अवस्था, लैङ्गिक अवस्था र पेशागत अवस्था सम्बन्धी जानकारी मूलक सूचनाहरु शैक्षिक सर्वेक्षणबाट सङ्कलन गएिको थियो । कार्यक्रमका सहभागीलाई उनीहरुको दैनिक जीवनमा कार्यक्रमले पारेको प्रभावलाई अवलोकनबाट तथ्याङ्क संकलन गरियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस अनुसंन्धानबाट प्राप्त तथ्याङ्कहरुलाई सावधानिपूर्वक सुचिबद्ध तयार गरी तिनीहरुको प्रकृति अनुसार वर्गीकृत गरियो । प्राप्त सुचनाहरुलाई आवश्यकता

अनुसार बनाउन आवश्यकता अनुसार तालिका, ग्राफ बनाइ संख्या तथा प्रतिशतका माध्यम बाट तथ्याङ्क विश्लेषण र व्याख्य गरियो भने वर्गात्मक प्रकृतिका तथ्याङ्कलाई सोही अनुसार विश्लेषण र व्याख्य गरियो ।

# अध्याय चार

# तथ्याङ्कको विश्लेषण तथा व्यवस्था

अध्ययनको क्रममा प्रश्नावली अन्तरवार्ता, शैक्षिक सर्वेक्षण र अवलोकनद्वारा प्राप्न जानकारी विश्लेषण तथा व्याख्या निम्न अनुसार गरिएको छ ।

## ४.१ शैक्षिक सर्वेक्षणको विश्लेषण

अध्ययन क्षेत्रका मुसहर समुदायमा मुसहरूहरूको शैक्षिक अवस्था पत्ता लगाउनु उद्देश्य परिपूर्ति गर्ने परिशिष्ट ३ को शैक्षिक सर्वेक्षण फारम अनुसार शैक्षिक सर्वेक्षण गरिएको थियो ।

यो सर्वेक्षण कार्य अध्ययन क्षेत्र सिरहा जिल्लाको रामपूर गा.वि.स. वार्ड नं. ६ मा बसोबास गर्दै आएका १२० घर परिवार भएको मुसहर बस्तीमा केन्द्रीत थियो । अध्ययन क्षेत्रमा बसोवास गर्ने मुसहरहरुको कुल जनसंख्या ४८५ जना थियो । मुसहरहरु र उनीहरुका बालबालिकाहरुको शैक्षिक निम्न अनुसार रहेको पाइयो । समूदायका बालबालिकाहरु जो औपचारिक शिक्षा प्राप्त गर्ने उमेरका थिए, तिनीहरुको शैक्षिक अवस्था विभिन्न उमेर समूहमा प्रस्तुत गरिएको पूर्व प्राथमिक उमेर समूहका १५० बालबालिका मध्ये ६ जना यस तहमा शिक्षालय पुगेको पाइयो, जुन सम्पूर्ण जनसंख्याको ०.६२ % रहेको देखियो । तथा उक्त उमेर समूहमा पनि २% मात्र शिक्षित रहेको देखियो । त्यसैगरी प्रा.वि.उमेर समूहका १२० जना बालबालिकाहरुमा ४० जना शैक्षिक संस्था पुग्ने गरेको देखियो । जन सम्पूर्ण जनसंख्याको ८.२५ % तथा उक्त उमेर समूहको ३३.३३ % शिक्षित रहेको पाइयो । त्यसैगरी नि.मा.र मा.वि. उमेर समूहका बालबालिकाहरुको औपचारिक शिक्षामा पहुचको अवस्था रहेको देखियो । औपचारिक शिक्षा प्राप्त गर्ने उमेर

समूहका सम्पूर्ण बालबालिका ४०६ जना रहेको जनवाह शिक्षा लिन बालबालिकाहरु ६३ जना रहेको पाइयो । जुन सम्पूर्ण उमेर समूहको ७६.५९ % हुन्छ । उक्त संस्था सम्पूर्ण मुसहर समूदायको जनसंख्याको २२.४ % रहेको थियो ।

अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रम संचालन गर्ने गरेको संस्थाहरु मुसहर समाज सेवा संघ लाइन, नेपाल रेडक्रस सोसाइटी सिरहा, स्वावलम्बन विकास बैंक सिरहाले संचालन गरेका प्रौढ शिक्षामा ३५ जना, नजुन सम्पूर्ण मुसहर समूदाय जनसंख्याको ७.२२ % रहेको थियो । भने अनौपचारिक शिक्षा पाएकाहरुको ६३.६४ % हुन्छ । त्यसैगरी चेलीबेटी र अन्य विशेष साक्षर अभियानमा १० जना सहभागी रहेको देखियो जुन सम्पूर्ण जन संख्याको २.१ तथा अनौपचारिक शिक्षा पाएकाहरुको १८.१८ हुन्छ ।

अनौपचारिक शिक्षामा समाबेश सहभागीहरुलाई निम्न अनुसार ग्राफमा देखाउन सकिन्छ ।

अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमहरु सहभागी अर्थात उक्त शिक्षा ग्रहण गर्ने र गरेमा सहभागी महिला र पुरुषको विवरण प्रस्तुत गरियो । सहभागीहरु सबै भन्दा बढी प्रौढ शिक्षामा बढी अर्थात ३५ जना रहेको थियो, जसमा महिला पुरुष भन्दा वढी संख्यामा अर्थात २० जना रहेको थियो । चेलीबेटीमा पुरुष अनुपस्थिती थिए भने अन्य विशेष साक्षर अभियानमा महिला र पुरुष वरावरीको संख्यामा रहेको देखियो ।

त्यसैगरी आर्थिक अवस्थामा अधिकाशं कृषि मजदुरी पेशा अपनाएको देखियो । केही युवाहरु विदेशी रोजगारको अवसर प्राप्त गरी विदेशिएका तथा विदेश जाने तरखरमा रहेको देखियो । यसरी पेशागत विवरणलाई निम्न अनुसार तालिकामा देखाउन सकिन्छ ।

आर्थिक गतिविधिमा सकृय जनसंख्या र उक्त गतिविधिमा निस्कृय गरी विभाजन गरी आर्थिक गतिविधिमा स्कृय महिला र पुरुषले अपनाएको पेशा र तिनीहरुको संस्था प्रस्तुत गरिएको पाएको छ ।

## ४.२ प्रश्नावली सम्बन्धी जानकारी

अध्ययन क्षेत्रमा विभिन्न शैक्षिक कार्यक्रम ल्याएका संघसंस्थाहरूका प्रमुखहरू समक्ष प्रश्नावली प्रस्तुत गरिएको थियो । मुसहरहरूको शैक्षिक विकासमा सघाउ पुऱ्याउने संघसंस्थाहरूको कार्यक्रम पहिचान गर्ने, उद्देश्य परिपूर्ति गर्न तथ्याङ्क संकलनका यो सामग्री प्रयोग गरियो । उक्त प्रश्नावलीबाट प्राप्त जानकारी निम्न अनुसार प्राप्त भएका थिए ।

### ४.२.१ संघसंस्था, उद्देश्य तथा कार्यक्रम

परिशिष्ट १ मा रहेको प्रश्नावलीको प्रश्नहरू २ र ३ मा यि संस्थाहरूको उद्देश्यहरू के के छन् ? र तिनीहरूका संस्थाले मुसहर समुदायमा कस्ता कार्यक्रमहरु संचालन गरिरहेको छन् ? जस्ता प्रश्नहरूमा ती संस्थाका प्रमुखहरु निम्न कुरा बताएका थिए ।

अध्ययन क्षेत्र लगायत अन्य क्षेत्रलाई समेटी कार्यक्रम संचालन गर्ने कार्य DSA in Nepal, Siraha बाहेक सबै संस्थाहरुले गरेको पाइयो । यि संस्थाहरु मा DSA ले व्यक्तिगत तथा पारिवारिक सर्वेक्षण तथा पूर्वाधारको लेखाजोखा गर्ने, कार्यक्रम राखेको पाइयो । रेडक्रम सोसाइटी शाखा कार्यलय सिरहाले मानवीय आपतविपतमा विभिन्न राहत सहयोगसँगै यस भेगका गरिब, उपेक्षित वर्गका निम्ति स्वास्थ्य, शिक्षा, कृषिसम्बन्धी विभिन्न प्रशिक्षण एवम् कार्यशाला गोष्ठि तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरू जस्तै प्रौढ शिक्षा, चेलीबेटी शिक्षा जस्ता कार्यक्रम संचालन गरेको पाइयो । त्यसैगरी मुसहर समाजसेवा संघ लाहनले शैक्षिक, आर्थिक, राजनैतिक एवम् सामाजिक

भेदभाव उन्मूलनमा केन्द्रीत गरेर आफ्नो कार्यक्रम ल्याएको पाइयो । साथै सो संस्थाले ट्युसन, पहुँच कक्षा र विहानी कक्षा, शैक्षिक परामर्श जस्ता कार्यक्रमहरू पनि संचालन गरेको पाइयो । त्यसैगरी स्वावलम्वन विकास बैंक शाखा सिरहाले आर्थिक पक्ष सवल गर्ने गरी आफ्नो लघु वित्तिय कर्जा ल्याए पनि साक्षर अभियान अन्तर्गत प्रौढ शिक्षा पनि सँगै संचालन गरिएको पाइयो ।

यी संघसंस्थाहरूमा DSA ले प्रारम्भिक स्वरूपको कार्यक्रम सर्वेक्षण तथा आधारभूत पूर्वाधारहरूको लेखाजोखा केन्द्रित रहेको पाइयो ।

यसरी यि संस्थाहरूमा स्वालम्वन विकास बैंकले प्रारम्भमा नै प्रौढ शिक्षा कार्यक्रम संचालन गरेको पाइयो भने रेडक्रस शाखा सिरहाले मुसहर समुदायमा केही बढी कार्यक्रमहरू ल्याएको पाइयो भने सबै भन्दा बढी शैक्षिक कार्यक्रम संचालन गरेको पाइयो ।

## ४.२.२ कार्यक्रमहरूको संचालन तथा गतिविधि

परिशिष्ट १ को प्रश्नावलीको प्रश्नहरू ४ र ५ जसमा यी कार्यक्रमहरूमध्ये तपाईको संस्थाले मुसहर समुदायमा सुरुवात कुन कार्यक्रमबाट गरे ? र संचालित कार्यक्रममा आर्थिक खर्च कसरी परिपूर्ति गरिरहनु भएको छ ? भन्ने जस्ता प्रश्नहरूको जवाफमा स्वावलम्वन विकास बैंकले अनौपचारिक शिक्षका कार्यक्रम तथा लघुवित्त कार्यक्रमबाट संचालन गरेको बताए । कार्यक्रमहरूको संचालन सहभागीको सुविधा एवम् फूर्सद समयलाई ख्याल गरी विहान र बेलुका समय छनौट गरेको बताए । आर्थिक खर्च आफ्नै स्रोत साधनले परिपूर्ति गर्ने गरेको बताए । त्यसै गरी मुसहर समाज सेवा संघ लाहनले मुसहरहरूको शैक्षिक विकासका लागि ट्युसन, पहुँच कक्षा र शैक्षिक परामर्शजस्ता कार्यक्रमबाट यस अध्ययन क्षेत्रमा कार्यक्रमहरू संचालन गर्ने

गरेको बताए । यि कार्यक्रमहरू संचालनमा लाग्ने आर्थिक खर्च विभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्था INGOs बाट परिपूर्ति गरेको बताए । त्यस्तै रेडक्रस सोसाइटी सिरहाले गरिबी निवारण समूह अन्तर्गत ऋण तथा वचत, सामूहिक शिक्षा स्टेसनरी वितरण, बाल शिक्षा जस्ता कार्यक्रम संचालन गरेको पाइए पनि बालशिक्षाबाट कार्यक्रम संचालन गरेको पाइयो । उक्त कार्यक्रमहरूमध्ये स्टेसनरी वितरण, शैक्षिक सत्रको अन्त र सुरुमा गर्ने गरेको तथा अन्य कार्यक्रम विहान समयमा संचालन गर्ने गरेको बताए । आर्थिक खर्च परिपूर्ति INGOs बाट परिपूर्ति गर्ने गरेको बताए । DSA in Nepal ले सर्वेक्षणबाट आफ्नो सुरु गरेको बताए ।

यी संघसंस्थाहरूले संचालन गरेको शैक्षिक कार्यक्रमहरू स्वावलम्वन विकास बैंक बाहेकका संस्थाहरूले संचालन गरेका यि कार्यक्रमहरूले संचालन गरेको पाइए पनि अप्रत्यक्ष रूपमा विदेशी राष्ट्र र संघसंस्था निर्भर रहेको पाइयो । जसलाई तालिकामा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

## ४.२.३ सहभागीको अवधारणा

परिशिष्ट १ को प्रश्नावलीको प्रश्न ६ मा ‘संचालित कार्यक्रममा सहभागीहरूलाई कुन रूपमा लिनु भएको छ ?’ भन्ने प्रश्नको जवाफमा संघसंस्थाका प्रमुखहरूले संचालित कार्यक्रमहरूमा सहभागीहरू सहभागीताको सम्बन्धमा मुसहर समाज सेवा संघ लाहनको पहुँच कक्षा अर्थात बिहानी कक्षा, स्वावलम्वन विकास बैंकको, प्रौढ शिक्षा र लघुवित्तीय ऋण कार्यक्रममा उच्च सहभागिता रहेको बताए र त्यसैगरी रेडक्रम सोसाइटी सिरहाका स्टेसनरी वितरण, OSCC बाल शिक्षामा तथा DSA, in Nepal सबै कार्यक्रममा उच्च सहभागिता रहेको बताए ।

मुसहर समुदायमा संचालन गरेको यि विभिन्न शैक्षिक कार्यक्रमहरूमा भन्दा आर्थिक कार्यक्रममा बढी अग्रसर रहेको जानकारी पाइयो ।

### ४.२.४ प्रभावकारी कार्यक्रम

ती संस्थाका प्रमुखहरू समक्ष गरिएको पर्शिष्ट १ कै प्रश्नावलीको प्रश्न ८ मा 'तपाईको विचारमा यस संस्थाले संचालन गरेका कार्यक्रमहरूमध्ये यस समुदायका निम्ति सबैभन्दा प्रभावकारी कुन कार्यक्रम छन् ?' भन्ने प्रश्नको उत्तरमा स्वावलम्बन विकास बैंकले लघुवित्त कार्यक्रमलाई, रेडक्रस सोसाइटी सिरहाले पनि आर्य आर्जन कार्यक्रमको नाम बताए पनि शिक्षा र स्वास्थ्यका गतिविधि सँगसँगै लानु पर्ने धारणा व्यत्त गरेको पाइयो । DSA, in Nepal ले कार्यक्रमको आवश्यक पूर्वाधार सर्वेक्षणकै अवस्थामा रहेकोले किटान गर्न नसेकेको भए पनि सबै जातजाति पिछडिएका समूह मिलाएर कार्यक्रम ल्याउने विचार व्यक्त गरेको पाइयो भने मुसहर समाज सेवा संघले संचालित कार्यक्रममा ट्यूसन र परामर्श कार्यक्रम प्रभवकारी रहेको बताए ।

यी विभिन्न संघसंस्थाले मुसहर समुदायमा विभिन्न संस्थाहरूले आर्थिक कार्यक्रमतिर वढी आकर्षित भएको पाइयो तथा शैक्षिक कार्यक्रम गौण रूपमा लिएको देखियो भने मुसहर समाज सेवा संघले शैक्षिक कार्यहरू केन्द्रित भइ कार्यक्रम संचालन गरेको पाइयो ।

### ४.२.५ नयाँ कार्यक्रम सम्बन्धी अवधारणा

परिशिष्ट १ को प्रश्नावली अन्तर्गत प्रश्न ९ को अनुसार 'तपाईको यस संस्थाले अगामी दिनमा कुनै नयाँ नयाँ थप कार्यक्रमहरू संचालन गर्ने योजना

बनाउनु भएको छ ?' भन्ने प्रश्नको जवाफमा ती प्रमुखहरूमध्ये रेडक्रस सोसाइटी सिरहाका प्रमुखले आर्थिक, स्वास्थ्य, खानेपानी शिक्षाजस्ता पक्षमा काम गर्ने कार्यक्रम संयुक्त रूपमा ल्याइनु पर्ने विचार व्यक्त गरे भने मुसहर समाज सेवा संघ, DSA in Nepal जस्ता संस्थाले हाल संविधान सभासम्बन्धी चेतना अभिवृत्ति सम्बन्धी नयाँ कार्यक्रम ल्याउनु पर्ने धारणा स्वावलम्वन विकास बैंकको नयाँ खासै कुनै कार्यक्रम नभएको बताए ।

### ४.२.६ सहभागी दैनिक जीवन र कार्यक्रमको प्रभाव

परिशिष्ट १ को प्रश्नावली १० अनुसार 'तपाइले संचालित ती कार्यक्रहरूले तिनीहरूको जीवनमा कस्तो प्रभाव पारेको पाउनु भएको छ ?' भन्ने प्रश्नको जवाफमा ती प्रमुखहरूमध्ये रेडक्रस सोसाइटी सिरहाले सकारात्मक परिवर्तन पाएको देखियो । त्यसैगरी मुसहर समाज सेवा संघ लाहनले नागरिक चेतना, बालअधिकार र शिक्षाप्रतिको आवश्यकता बोध भएको  बताए । त्यस्तै स्वावलम्वन विकास बैंक सिरहाले पनि सकारात्मक तर्फ अग्रसार भएको बताए भने DSA नेपाल ले पनि यस समुदायमा मुसहरहरू पढाईप्रति झुकाव बढेको बताए । यी र यस्ता पक्षहरूलाई उनीहरूले कार्यक्रमको प्रभावका रूपमा बुझेको पाइयो ।

### ४.२.७ शैक्षिक अवस्था सुधारका उपायहरू

परिशिष्ट १ को प्रश्नावलीको प्रश्न ११ मा 'तपाईको विचारमा यस समुदायको शैक्षिक अवस्थालाई सुधार गरी राष्ट्रको मूलधारमा ल्याउन कस्तो कार्यक्रम थप गर्नुपर्ला ?' भन्ने प्रश्नको जवाफमा उनीहरूले मुसहरहरूको शैक्षिक विकास गरी राष्ट्रको मूलधारमा ल्याउन रोजगारमूलक आयआर्जन कार्यक्रम, निःशुल्क शिक्षा, चेतनामूलक कार्यक्रम संचालन गर्नु पर्ने यी समुदायका

बालबालिकाहरूको प्राथमिक देखि उच्च शिक्षा निःशुल्क उपलब्ध गराउनु पर्ने, मुसहरहरूको निम्ति प्रदान गर्ने छात्रवृत्तिको प्रक्रियालार्ला नयाँ ढङ्गले सोच्न पर्ने र एक परिवार उक रोजगारको अवधारणा ल्याउनु पर्ने रोजगार एवम् सरकारी सेवामा विशेष आरक्षण दिनुपर्ने विचार व्यक्त गरे ।

यसरी यी विभिन्न संघसंस्थाका प्रमुखहरूले यस क्षेत्रमा लामो अनुभव भएको कारणले यिनीहरूले उनीहरूलाई राष्ट्रको मूलधारमा ल्याउने उपायहरू निकै सान्दार्भिक पाइयो ।

## ४.३ अन्तर्वार्ता सम्बन्धी जानकारी

यस अध्ययनको अध्ययन क्षेत्रमा संघसंस्थाहरूले संचालन गरेको विभिन्न शैक्षिक कार्यक्रममा सहभागी भएका सहभागिहरू र कार्यक्रम सहयोगी कार्यकर्ताहरुलाई कार्यक्रम र त्यसले उनीहरूको समुदाय तथा उनीहरूको समुदायको शैक्षिक विकासमा तथा सहभागिताको शैलीमा पारेको प्रभाव सम्बन्धीत विश्लेषण निम्न अनुसार विश्लेषण गरियो ।

### ४.३.१ सहभागीसँग गरिएको अन्तर्वार्ताको विश्लेषण

परिशिष्ट २ का अन्तर्वार्तामा सोधिएको प्रश्नहरू १, २ मा सोधिएको प्रश्नहरू 'तपाईको समुदायमा संचालित शैक्षिक कार्यक्रमहरुमा सहभागी संघसंस्थाहरू कुन कुन हुन् ?' तथा 'ती संघसंस्थाहरूले हाल के कस्ता कार्यक्रमहरू संचालन गरिरहेका छन् ?' भन्ने प्रश्नको क्रममा सहभागीहरूले अध्ययन क्षेत्रमा चारवटा संस्थाहरू DSA, in Nepal, Siraha, शाखा,

रेडक्रस सोसाइटी शाखा सिरहा, स्वावलम्बन विकास बैंक शाखा सिरहा, मुसहर समाज सेवा संघ लाहन अग्रसर रहेको बताए । यि संस्थाहरूले प्रौढ शिक्षा, चेलीबेटी, शिक्षा पहुँच कक्षा, ट्युसन, स्टेसनरी वितरण, जस्ता कार्यक्रम संचालन गरेको बताए पनि केही सहभागीले सबैले पाकेट भर्ने कुरा र स्वास्थ्य चेतना आभिवृत्ति र सबै जस्ता कार्यक्रम संचालन गरेको सहभागीहरूले बताए ।

## ४.३.२ कार्यक्रम स्रचालन गर्ने तथा गतिविधि

परिशिष्ट २ को सहभागीसँग गरिएको अन्तर्वार्ताको प्रश्नहरु ५, ६ र ७ मा क्रमश: 'तपाईले छनौट गरेको उक्त कार्यक्रम कति बेला, कति समयसम्म संचालन गरिन्छ ?', 'तपाई त्यहाँ के के विषय पढ्नुहुन्छ ?' तथा 'तपाईले त्यस संस्थामा के कस्ता सीपहरू सिक्नुहुन्छ ?' जस्ता प्रश्नमा ती कार्यक्रमहरका सहभागीहरूमध्ये १६ जनाले कार्यक्रम संचालन गर्ने समय कार्यक्रममको स्वरूप अधारमा छुयाइएको बताए र अनौपचिारिक शिक्षा अन्तर्गत चेलबेटी प्रौढ शिक्षा सहभागीहरूको फूर्सद एवम् उनीहरूकै उपयुक्ततामा साँझ पख संचालन गरेको बताए त्यसैगरी बिहानी कक्षा र पहुँच कक्षा र ट्युसन् बिहानको समयमा संचालन गरेको बताए ।

यि कार्यक्रहरूमा अनौपचारिक शिक्षाका प्रौढ शिक्षा, चेलीबेटी शिक्षामा नयाँ गोरेटो, नयाँ पाइला, जस्ता पुस्तकहरू पढाउने गरेको तथा यी

विषय सँगसँगै गणितीय सीप, चिठी लेखन, सीप र पुस्तक पढ्ने सीप सिकाउने गरेको बताए । त्यस्तै औपचारिक शिक्षा अन्तर्गत विद्यालयमा पढाइने मुख्य विषय गणित, विज्ञान, अंग्रेजी, जस्ता विषयहरू विहानी कक्षामा रहेको पनि जानकारी पाइयो

यसरी कार्यक्रम संचालन गर्ने समय तथा गतिविधि सम्बन्धमा संस्थाका प्रमूखहरूमा समय मत भिन्नता देखिए पनि दुवैमा समानता पाइयो । यसका साथै कतिपय कार्यक्रम र त्यसका संचालन सम्बन्धमा अनभिज्ञता व्यक्त गरे ।

### ४.३.४ स्वास्थ्य सम्बन्धी

सहभागीसँग गरिएको अन्तर्वार्ताको प्रश्नहरू ८, ९,१०, ११ र १२ मा क्रमशः तपाईलाई त्यहाँ सरसफाई सम्बन्धी के कस्ता कुरा सिकाउँछन् ? के तपाईले स्वास्थ्य रहने उपायबारे त्यहाँ चर्चा परिचर्चा गराइएको पाउनु भएको छ ? ती के के हुन् ?, राति सुत्दा तपाईले झूलको प्रयोग गर्नु भएको छ ?, खाना खानु अघि पछि तपाइ हात धुनुहुन्छ ? हो भने कसरी र किन ?, तथा दिसा बसेर आएपछि तपाई हातखुट्टा धुनुहुन्छ ? किन ?' यस्ता प्रश्नहरूको उत्तरमा नमूना छनौटमा परेका १६ जना सहभागिहरूले दिएको जवाफ आधारमा उनीहरूको उपचारको उपयुक्त माध्यम धामी झाँक्री भएको, झुलको प्रयोग र सरसफाई गर्ने सम्बन्धमा सबै सहभागीहरुबाट सकारात्मक उत्तर आएको भए पनि खाना खाने अघि तथा पछि, दिसा बसेर आएपछि हातधुनेजस्ता कुरामा पनि थोरै जनाले साबुन पानीले धुने गरेको बताए । अधिकांशले खरानी (छाउर) माटो र पानीले धुने गरेको तथा हात सफा गर्नुपर्ने कारणमा वैज्ञानिक सोचको विकास हुन नसकेको पाइयो । तर कोहीकोही सो कार्य रोगका किटाणुबाट सुरक्षित रहने उपायको रूपमा लिएको पाइयो । तर यी

संस्थाहरूका कार्यक्रमहरुमा स्वास्थ्यका बारेमा सिकाउने गरेको अधिकांशले सहभागीले बताए ।

यसरी स्वास्थ्य, सरसफाई, झुलको प्रयोग, दिसा बसेपछि, खाना खानु अघिपछि साबुन पानीले हात धुनु जस्ता स्वास्थ्य सम्बन्धी आधारभूत पक्षतर्फ परम्परागत सोच एवम् मूल्य मान्यताबाट ग्रसित अर्थात वैज्ञानिक हुन नसकेको पाइयो ।

### ४.३.५ आर्थिक अवस्था सम्बन्धी विवरण

परिशिष्ट २ को अन्तर्वार्तामा सोधिएको प्रश्नहरू १३ र १४ क्रमश: ‘तपाईको पेशा के हो ?, तपाई कति दैनिक तथा मानसिक रूपमा आयआर्जन गर्नुहुन्छ ? जस्ता प्रश्नको जवाफमा अधिकांशले सहभागीहरू आफ्नो पुरानो परम्परागत पेशा कृषि मजदुरी र हली प्रथा अपनाउँदै आएको बताए भने कोहीले खुदरा व्यापारको रूपमा तरकारी किनवेच, दाउरा किनबेच, पसलको कामदार पेशा अपनाएको  बताए ।

अधिकांश सहभागीले आफ्नो आयआर्जनको स्रोतको रूपमा कृषि मजदुरी र उक्त पेसाबाट ७ किलो धान/गहुँ वा ६०/७० रूपीयाँ ज्याला पाउने गरेको बताए । यरी खेतीपातीको समयमा मात्र कृषि मजदुरी पाउने बताए ।

संघसस्थाका कार्यक्रमहरूले सहभागी आयआर्जन गर्ने परम्परागत पेशा र त्यसबाट हुने आयआर्जन वृद्धि एवम् रोजगारीको अवसरमा वृद्धि हुन नसकेको पाइयो ।

### ४.३.६ सहभागी मुसहरहरुको दैनिक जीवन र कार्यक्रम

यस बुँदाअन्तर्गत परिशिष्टको अन्तर्गतको प्रश्न १७ जसमा 'तपाईजस्ता सहभागीको दैनिक जीवनमा यी कार्यक्रमहरूले कस्तो मद्दत गर्छ जस्तो लाग्छ ?' यस प्रश्नमा ती सहभागीहरूले यि विभिन्न संघसंस्थाहरूले संचालन गरेको कार्यक्रमहरूको प्रमुख उद्देश्य यस भेगमा बसोबास गर्ने व्यक्तिहरूको जीवनशैली सजिलो र सुखद तथा जटिल दैनिक जीवनलाई सहज बनाउने रहेको अवस्थामा कार्यक्रमका सहभागीमध्ये केहीले खानपीन, शिक्षामा परिवर्तन ल्याएको, आयआर्जनमा वृद्धि गरेको, दैनिक जीवनमा राम्रो मद्दत गरेको बताए पनि अधिकांश सहभागीले केही पनि परिवर्तन गर्न नसकेको बताए ।

### ४.३.७ सहभागीहरूको कार्यक्रमप्रतिको धारणा

परिशिष्ट २ अन्तर्गतको प्रश्नावली ३, ४ र १६ मा क्रमशः 'ती कार्यक्रमहरूमध्ये तपाईको विचारमा कुन कार्यक्रम बढी प्रभावकारी अर्थात बढी व्यक्तिहरूले रुचाएका छन् ?' 'तपाईको यो कार्यक्रम मन पराउनका कारण के के छन् ?' तथा 'तपाईको छिमेकीले ती कार्यक्रमहरूमा सहभागी हुन सल्लाह मागेमा तपाईले के सल्लाह दिनुहुन्छ ?' यि प्रश्नहरूको जवाफमा सहभागीहरूले मन पराएको कार्यक्रम प्रौढ शिक्षा, बिहानी कक्षा तथा स्टेशनरी विवरण बताए र तिमध्ये ५ जनाले प्रौढ शिक्षा, ३ जनाले बिहानी कक्षा तथा ४ जनाले स्टेसनरी वितरण गरेको बताए र यि कार्यक्रम मन पराउनका कारक तत्वका रूपमा उनीहरूले ति कार्यक्रमहरूमा आफ्नो फुर्सद समयको

सदुपयोग गर्न पाउने, कापी पेन्सील पाउने भएर तथा विद्यालयमा सिक्न नसकेको कुरा सिक्न पाउन अवसर पाउने भएर मन पराएको बताए ।

## ४.४ कार्यक्रमका कर्मचारीसँग गरिएको अन्तर्वार्ताको विश्लेषण:

यस अन्तर्गत कार्यक्रमका कर्मचारीहरूलाई उनीहरूका कार्यक्रममा सहभागी मुसहरहरूको जीवनमा यी कार्यक्रमहरूले पारेको प्रभाव सम्बन्धमा उनीहरू ( कर्मचारी) को विचारलाई निम्नअनुसार बुँदागत रुपमा विश्लेषण गरियो ।

### ४.४.१ स्वास्थ्य सम्बन्धी जानकारी

कार्यक्रमका सहभागी मुसहरहरूमा संचालित कार्यक्रमले स्वास्थ्य सम्बन्धमा पारेका प्रभावका सम्बन्धमा दुईवटा प्रश्नहरूमध्ये प्रश्न १ अन्तर्गत मा 'तपाईको कार्यक्रममा सहभागी मुसहरहरूमा सरसफाईको अवस्था कस्तो छ ?' भन्ने प्रश्नको जवाफमा दुई जनाले सामान्य अर्को दुई जनाबाट राम्रो जवाफ पाइयो । त्यस्तै प्रश्नं. २ मा तपाईहरुको कार्यालयका सहभागिमा रोगसम्बन्धी के कस्तो अवधारणा पाउनु भएछ ?' भन्ने प्रश्नको उत्तरमा ३ जनाले रोगाणुका कारण तथा एक जनाले देउता रिसाएको कारण बताए ।

### ४.४.२ गणितीय सीपसम्बन्धी अवधारणा

यस सम्बन्धी जानकारीको निम्ति प्रश्न ३, ४ र ५ गरी तीनवटा प्रश्नहरूसोधिएको थियो । ‘ति सहभागीहरूको गणितीय सीप कस्तो छ ? सम्बन्धमा सबै जनाले राम्रो भएको बताए र एक जना धेरै राम्रो भएको जवाफ दिए भने तीन जनाले राम्रो भएको जवाफ पाइयो र जुन ७५% र २५% का रूपमा रहेको पाइयो । पाँचौ प्रश्न टेलिफोनमा नम्बर डाइल गरी कुराकानी गर्न सक्छ ? भन्ने प्रश्नहरूमा चारै जना कार्यक्रमका सहयोगीहरूले कोही कोही मात्र भन्ने जवाफ पाइयो ।

### ४.४.३ लेखपढ गर्ने सीपको अवस्था

यस सम्बन्धमा अन्तर्वार्ता प्रश्नावली ६ र ७ रहेको पाइयो । प्रश्न ६ मा ‘सहभागीहरूमा साधारण किसिमको चिठी लेखपढ गर्ने क्षमता को उत्तरमा दुई जनाले आफ्ना कार्यक्रमका सहभागीहरू अलिअलि भएको बताए भने एक जना कर्मचारीले राम्रो भएको जवाफ दिए भने अर्को जनाले सामान्य भएको जवाफ दिएका थिए । त्यसैगरी प्रश्न ६ मा सहभागीहरू सूचना कतिको सक्षम छन् ? भन्ने प्रश्नमा चारै जनाले आंशिक रूपले भएको बताए ।

### ४.४.४ पेशागत अवस्था

यस सम्बन्धमा प्रश्न ८ मा ‘तपाईको कार्यक्रमका सहभागीहरूको परम्परागत पेशा (पुरानो पेशा) अपनाउनेहरूको संख्या कति छ ?’ को उत्तरमा चारै जनाले पूरैजना जवाफ दिएको थियो ।

### ४.४.५ बानीव्यवहार सम्बन्धी जानकारी

यस सम्बन्धमा ९ र १० नम्बरका प्रश्नहरू 'तपाईको कार्यक्रमका सहभागीहरू बीचमा कस्तो सम्बन्ध हुने गरेको छ ?' मा सबै जनाले उनीहरूका सहभागीहरूमा मित्रवत् व्यवहार पाएको बताए भने प्रश्न १० अन्तर्गत सहभागीहले कार्यक्रम संचालन अवधिमा कुन रूपले सहभागी रहेको पाउनु भएको छ ? को जवाफमा एकजनाले आंशिक रूपले सक्रिया भएको जवाफ दिएको पाइयो, जुन २५% थियो । त्यसैगरी दुईजनाले उनीहरूका कार्यक्रमका सहभागीहरूमा निस्क्रियता पाएको बताए भने एक जनाले पूर्ण रूपमा सक्रिय भएको बताए ।

यसप्रकार सहभागीहरूको कार्यक्रममा सहभागिता र उनी बानीव्यवहार, तथा जीवनमा देखापरेका परिवर्तनको सम्बन्धमा कार्यक्रम संचालनमा नेतृत्वदायी भूमिकामा रहेको सहयोगी कार्यकर्ताहरू अपेक्षाकृत परिवर्तन पाउन नसकेको देखियो ।

## ४.५ अवलोकन

यी संघसंस्थाका शैक्षिक कार्यक्रमले ती कार्यक्रमको सहभागीको जीवनमा पारेको प्रभावको अध्ययन गर्न परिशिष्ट ५ को आधारमा उनीहरूको विभिन्न दैनिक जीवनका विभिन्न व्यवहारहरूको अवलोकन गरियो । यसरी यो अवलोकन कार्य अन्तर्वार्ता सहभागीहरूलाई नै छनोट गरिएको थियो । सहभागी मुसहरहरूको यि यस्ता कार्यव्यवहारको अवलोकन गरियो जुन निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

मुसहर समाज सेवा संघ लाहन, रेडक्रस सोसाइटी सिरहा, स्वावलम्वन विकास बैंक सिरहा तथा DSA in Nepal ले अध्ययन क्षेत्रमा संचालन गरेका विभिन्न शैक्षिक कार्यक्रमका सहभागीहरूमध्ये मध्येबाट १६ जनालाई ती कार्यक्रमहरुले उनीहरूको

दैनिक जीवनमा पारेको प्रभावहरू पत्ता लगाउन अवलोकन गरी तथ्याङ्कहरू संकलित गरियो । जम्मा १६ जनामा दैनिक जीवनमा सरसफाइलाई राम्ररी कायम गर्न सक्नेहरूको संख्या ५ जना रहेको पाइयो, जुन ३१.२५% थिए । त्यसैगरी गाडिको नम्बर पढ्न सक्ने तथा संख्यात्मक संकेत पहिचान पहिचान गर्न सक्नेहरूको संख्या १० जना अवलोकन गरियो, जुन ६२.५% भेटियो । साधारण चिठी लेखपढ गर्न सक्नेहरूको संख्या ६ वटा अर्थात ३७.५% त्यस्तै अवलोकनबाट टेलिफोन डाइल गर्न सक्ने ४ जना अर्थात २५% त्यस्तै र सूचना पढ्न सक्नेहरू ३ जना अर्थात १८.१५% पाइयो र अवलोकनकै क्रममा खाने खाना र पिउने पानीको स्वच्छता ख्याल गर्नेहरू संख्यात्मक रूपमा ४ जना अर्थात २५% त्यस्तै दिसा बसेर आएपछि साबुन पानी वा खरानी पानीले हात धुनेहरूको संख्या ६ जना अर्थात ३७.५% रहेको देखियो र अवलोकनकै क्रममा वातावरणीय सरसफाईमा ध्यान दिनेहरू ८ जना अर्थात ५०% छन् । परम्परागत पेशा अपनाउनेहरू सबैभन्दा बढी १४ जना आर्थात ८७.५% रहेको पाइयो । औषधि उपचार माथि विश्वस्त हुनेहरू संख्यात्मक रूपमा ६ जना जुन ३७.२५% रहेको भेटियो ।

# परिच्छेद पाँच

# निष्कर्ष तथा सुझावहरु

## ५.१ निष्कर्ष

भौगोलिक, भाषिक, सांस्कृतिक एवम् जातीय विविधता भएको हाम्रो मुलुक नेपाल सम्पूर्ण जातजाति, भाषाभाषी र धर्म संस्कृतिको सझा स्थलको रूपमा रहँदै आएको भए पनि यहाँको समाजमा जनजाति, मुसहर एवम् पिछडिएको वर्गहरू राष्ट्रको मूलधारबाट अलग मात्रै नभई राष्ट्रले प्रदान गर्ने सेवा सुविधाबाट वञ्चित एवम् तिरस्कृत अवस्थामा बाँचिरहेका छन् । यसै परिवेशमा विभेदको सामना गरिरहेका मुसहर जातिलाई अध्ययनको विषयवस्तु बनाइएको छ । सामाजिक, शैक्षिक, आर्थिक, सांस्कृतिक अवस्था ज्यादै दयनीय अवस्थामा रहेको मुसहर मुसहर जातिको शैक्षिक अवस्था र सीको विकासमा सक्रिय विभिन्न गैरसरकारी संघसंस्था र यिनीहरूले संचालन गरेका शैक्षिक कार्यक्रमको अर्थात ति संघ संस्थाको भूमिका अध्ययन गरिएको छ ।

शिक्षालाई कुनै पनि व्यक्ति तथा समाजको आर्थिक, सांस्कृतिक, सामाजिक, तथा भाषिक विकासको सेवाहरूको रूपमा लिने गर्दछ । अज्ञानता, अशिक्षा, गरिबी, जातीय उत्पिडनको सिकार हुँदै आएका मुसहर समुदायको विकासका निम्ति यस अध्ययन क्षेत्रको समुदायमा शिक्षाको विकासमा क्रियाशील विभिन्न संघसंस्थाहरू मुसहर समाज सेवा लाहन, स्वावलम्वन विकास बैंक सिरहा, रेडक्रम सोसाइटी सिरहा, DSA, Nepal शाखा सिरहाले संचालन गरेका कार्यक्रमहरू, ती कार्यक्रमहरूको प्रभावकारीता, सहभागिको कार्यक्रमप्रति अवधारणा, कार्यक्रमले ल्याएका सकारात्मक पक्षहरू तथा अध्ययन क्षेत्रका मुसहरहरको शैक्षिक अवस्थामै यो अध्ययन अगाडि बढेको देखिन्छ ।  अध्ययनको क्रममा गरिएको शैक्षिक

सर्वेक्षणबाट अध्ययन क्षेत्रका मुसहरहरुको जनसंख्या ४८५ जना रहको थियो । १२० घर परिवारको उनीहरुको वस्तीमा औपचारिक शिक्षा उमेरका ४०६ जना मा शिक्षित अर्थात विद्यालय गइरहेका वा गएकाहरुको संख्या ६३ रहेको थियो जुन सम्पूर्ण जनसंख्याको २२.४८% हुन्छ भने उनीहरुको उमेर समूह अर्था औपचारि शिक्षा उमेर समूहको ७६.५९% रहेको पाइयो । शैक्षिक सर्वेक्षणबाट सो समूदायमा अनौपचारिक शिक्षा अर्थात विद्यालय शिक्षाबाट बंचित १८ वर्ष माथी उमेर समूहका ७९ जना मध्ये ५५ जना अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमबाट सो शिक्षा पाएको तथा पाउने क्रममा रहेको पाइयो । जुन संख्या सम्पूर्ण जनसंख्याको ११.४२% रहेको देखियो । शैक्षिक सर्वेक्षणबाटै अध्ययन क्षेत्रका मुसहर समूदायमा परम्परागत पेशा कृषि मजदुरी अपनाउनेहरु सबै भन्दा बढी रहेको पाइयो । कृषि मजदुरी अपनाउनेहरु पुरुष भन्दा महिला संख्यामा बढी रहेको पनि पाइयो ।
अध्ययन क्षेत्रमा शैक्षिक कार्यक्रहरू लिएर देखापरेको संस्थाहरू रेडक्रस सोसाइटी सिरहा, मुसहर समाज सेवा संघ, लाहन, स्वावलम्वन विकास बैंक सिरहा, तथा DSA in Nepal सिरहा शाखा रहेको पाइयो । ती संस्थाहरू औपचारिक शिक्षँ सघाउने बिहानी कक्षा, ट्युसन कक्षा तथा अनौपचारिक शिक्षा अन्तर्गत प्रौढ शिक्षा, चेलीबेटी शिक्षा, शैक्षिक परामर्श, स्टेशनरी डिष्ट्रिव्युसन र DSA, Nepal ले प्रारम्भिक चरणमै सर्वेक्षण कार्यक्रम संचालन गरेको पाइयो । यी संघसंस्थाहरुले संचालन गरेका कार्यक्रमहरू शैक्षिक र आर्थिक पक्ष केन्द्रित रहेको पाइयो । मुसहर समाज सेवा संघ, लाहनले शैक्षिक कार्यक्रममा बढी जोड दिएको तथा शैक्षिक कार्यक्रमसँगै सचेतना अभियान संचालन गरेको पाइयो भने रेडक्रस सोसाइटी सिरहा र स्वावलम्वन विकास बैंक सिरहाले आर्थिक कार्यक्रमहरू प्रमुख रूपमा लिए पनि शैक्षिक कार्यक्रम पनि संचालन गरेको पाइयो । रेडक्रस सोसाइटी सिरहाका शैक्षिक कार्यक्रम दोस्रो बढी प्रभावकारी रहेको पाइयो । यि संस्थाहरूको कार्यक्रमहरूमा जनसहभागिता शैक्षिक कार्यक्रम भन्दा आर्थिकमा धेरै पाइयो । तर रेडक्रस, स्वावलम्वनको प्रौढ शिक्षा र मुसहर समाज सेवाका विहानी कक्षामा

सहभागीता उत्साहवर्द्धक रहेको पाइयो । यि संस्थाहरूमध्ये स्वावलम्वन विकास बैंक सिरहाले थप कार्यक्रमको आवश्यकता महसुस गरेन भने रेडक्रस सोसाइटी सिरहाले शैक्षिक कार्यक्रमहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक कार्यक्रमसँगै लग्नुपर्ने देखियो भने मुसहर समाज सेवा संघ, लाहन र DSA, in Nepal ले संविधान सभा सचेतना कार्यक्रम ल्याउने योजना रहेको पाइयो ।यी संस्थाहरूले संचालन गरेका कार्यक्रमहरू तिनीहरूले आफै संचालन गरे भए पनि त्यसो हुन नसकेको देखियो । ति संस्थाहरू एउटा एजेन्ट (Agent) मात्र रहेको पाइयो , जसलाई कस्तो खालको कार्यक्रम समुदायका निम्ति उपयुक्त रहेको भन्ने समस्या अधिकारबाट बञ्चित गराई ती विदेशी संघसंस्थाका बनिबनाउ (Redimade) कार्यक्रम संचालन गर्नु पर्ने सर्तबाट पिल्सिएको पाइयो । संचालित कार्यक्रहरूले सहभागी मुसहर समुदायका बहुसंख्यक जनतालाई असन्तुष्ट राखेको पाइयो । ती संस्थाहरूका प्रमुखले सहभागिमा सकारात्मक प्रभाव ल्याएको दावी गरेको देखिए पनि कार्यक्रमका सहभागिहरूले उनीहरूको जीवनयापनमा अपेक्षित परिवर्तन गर्न नसकेको अधिकांशको विचार रहेको पाइयो । कार्यक्रमका सहभागीहरू, तथा संघ संस्थाका प्रमुखहरूले यस मुसहर समुदायको शैक्षिक स्तर विकासका उपायहरूमा केही कुरा समानता र विविभन्नता पाइयो । उनीहरूले शैक्षिक कार्यक्रम रोजगारमूलक, आयआर्जन कार्यमा सहयोगी हुनुपर्ने, निःशुल्क शिक्षाको अवधारणा, छात्रवृत्ति नयाँ अवधारणा मा हेर्नुपर्ने जस्ता पक्षहरू राखेको पाइयो । यी संस्थाहरूको कार्यक्रमहरु किाबी ज्ञान अर्थात सैद्धान्तिक ज्ञान केन्द्रित भएको, तथा दैनिक जीवनका निम्ति आवश्यक स्वास्थ्य सम्बन्धी चेतना जस्तै सरसफाई, झुलको प्रयोग दिसापिसाब बसेपछि साबुन पानीको प्रयोग सम्बन्धी परम्परागत अवधारणा परिवर्तन गराउन नसकेको पाइयो । यि कार्यक्रमहरूले सहभागीहरूको परम्परागत कृषि मजदुरी पेशा र उनीहरूको आयआर्जन क्षमतामा परिवर्तन र विकसित गराउन नसकेको पाइयो । संचालित शैक्षिक कार्यक्रमका कर्मचारीहरूले सहभागीहरूको व्यवहारले दैनिक जीवनमा परिवर्तन अर्न्तगत स्वास्थ्य सम्बन्धी

अवधारणा जस अन्तर्गत सरसफाई र रोग सम्बन्धमा उनीहरूमा अझै पनि परम्परागतपन यथावत् रूपमा रहेको तथा पूर्ण वैज्ञानिक गराउन नसकेको जानकारी पाइयो । सहभागीहरूमा गणितीय सीप, चिठी लेखपढ र सूचना पढ्ने सीप, पूर्ण रूपमा सक्षम गराउन नसकेको तथा सहभागीहरु अधिकांश पहिलेदेखि अपनाउँदै आएको पेशा नै अपनाउँदै आएको पाइयो । मुसहरहरुको शैक्षिक अवस्था र सो का निम्ति सो भरिएको शैक्षिक सवेृक्षणबाट उनीहरुको शैक्षिक अवस्था विगतभन्दा राम्रो हुदै गएको देखिन्छ । उक्त समूदायमा परिमानात्मक रुपमा हेर्ने हो भने औपचारिक शिक्षा तर्फ २२.४८% सहभागी अग्रसर रहेको देखिन्छ भने अनौपचारिक शिक्षातिर ११.४२% रहेको भए पनि गुणात्मक रुपमा देखापर्न नसकेको देखिन्छ । यसरी विगत भन्दा व्यापक रुपमा शिक्षा तिर अग्रसर भएको पाइएपनि व्यवहारीक रुपमा प्रभावकारी हुन सकेको देखिदैन । अझ सम्म पनि उनीहरु परम्परागत पेशा व्यवसाय तिर नै लागेका छन् भने स्वास्थ्य सम्बन्धी चेतनाको अभाव अझ पनि देखिन सकिन्छ ।

अध्ययन क्षेत्रमा क्रियाशील संस्थाहरू मुसहर समाज सेवा संघ, लाहन, रेडक्रस सोसाइटी शाखा सिरहा, स्वावलम्वन विकास बैंक शाखा सिरहा तथा DSA, Nepal शाखा सिरहा जस्ता संस्थाहरुले औपचारिक शिक्षा अन्तर्गत बिहानी कक्षा, (पहुँच कक्षा) औपचारिक शिक्षा प्राप्त गर्ने बालबालिकाका निम्ति स्टेशनरी वितरण कार्यक्रम संचालन गरेको तथा अनौपचारिक शिक्षाअन्तर्गत प्रौढ शिक्षा चेलीबेटी शिक्षा, विशेष साक्षर अभियान(प्रौढ शिक्षा) संचालन गरेको कुरा शैक्षिक सर्वेक्षणबाट पनि देखियो ।

यी कार्यक्रमहरूमा सहभागिता आर्थिक संकटका कारण शैक्षिकभन्दा आर्थिक कार्यक्रमहरूमा बढी क्रियाशीलता भएको संचालित कार्यहरूमा आर्थिक कार्यक्रम बढी प्रभावकारी देखियो । प्रस्तुत शैक्षिक कार्यक्रमले सहभागीको जीवनशैली

लवाईखवाईमा सकारात्मक परिवर्तन पाउनका साथै सहभागिहरूमा बाल अधिकार लैङ्गिक विभेदीकरण जस्ता शिक्षाप्रति सकारात्मक तर्फ अग्रसर गराएको तथा मुसहर समुदायका निम्ति शैक्षिक पक्ष विकासका निम्ति यि संघसंस्था एवम् सरकारी स्तरबाट थप कार्यक्रम ल्याइनु पर्ने आवश्यकता यि संघसंस्थाका प्रमुखहरूले बोध गरेको देखियो ।

यसैगरी अध्ययन क्षेत्रका कार्यक्रमका सहभागिहरू पनि संघसंस्था र तिनका कार्यक्रमहरूको बारेमा ति संस्थाका प्रमुखहरूको विचारप्रति आफ्नो सहमत रही संचालित कार्यक्रमको समय, संघसंस्थाका कर्मचारी, एवम् जनसमुदायको आपसी तालमेलमा हुने गरेको तथा पढाइने विषय पनि परम्परागत रहेको देखियो । यी कार्यक्रमहरूले यस समुदायका मुसहर जातिको जीवनशैली सजिलो सुखद बनाउने रहेको भए पनि सो उद्देश्यतर्फ अग्रसर भएर पनि सफल  हुन नसकेको तथा सहभागीहरूमा व्यापक परम्परावादी, रुढीवादी सोचमा परिवर्तन गराउन नसकेको, उनीहरू सरसफाई एवम् स्वास्थकर बानीको विकास गराउनमा केही हदसम्म सफल भएर पनि स्वास्थकर बानी जस्तै भ्कुलको प्रयोग, खाना खानु अघि पछि हातमुख धुनु तथा दिसा बसेपछि हात धुनुपर्ने जस्ता पक्षामा वैज्ञानिक एवम् धारणा विकास गराउन नसकेको पाइयो । संचालित कार्यक्रमहरूले उनीहरुको आर्थिक पक्षको विकास गर्न आशिंक रूपमा  सहयोग गरे पनि पूर्ण रूपमा उनीहरूको पेशा व्यवसायलाई अस्वीकार गरेको र उनीहरूको परम्परागत पेशागत सीपलाई वास्ता नगरेकोले यी कार्यक्रमका सहभागीको प्रत्यक्ष आर्थिक विकासमा टेवा दिन नसकेको देखियो । उनीहरू यथावत रूपमा कृषि मजदुरी पेशा अपनाउँदै आएको तथा उक्त कार्यमा पनि आय आर्जन पहिलेकै हाराहरीमा रहेको देखियो र यि कार्यक्रमले उनीहरूको परम्परागत पेशागत सीप तिखार्ने परिस्कृत गर्न नसेकेको पाइयो ।

सहभागीहरूमा यी कार्यक्रमहरूप्रति सकारात्मक धारणा रहे पनि यि संघसंस्थाका कार्यक्रमहरूले सहभागीहरुमा आफनत्व महसुस गराउन नसकेको, कार्यक्रमहरू स्थानीयतालाई अस्वीकार गरेको र औपचारिक शैलीमा नै संचालित भएको जस्तो नकारात्मक पक्ष देखिए पनि लेखपढ, गणितीय सीप, चिठीलेखन साक्षर स्तर बढाउनेजस्ता सकारात्मक पक्षहरू देखियो । सहभागीहरूले उनीहरको जीवनमा कतिपयले यी कार्यक्रमहरूले आमूल परिवर्तन ल्याएको विचार अभिव्यक्त गरे पनि वास्तविक रूपमा यो कार्यक्रमहरू उनीहरूको भाषा, जीवनशैली, संस्कृति तथा वातावरणीय पक्षमा मौन रहेको तथा सहभागी केन्द्रित हुन नसकेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.२ सुझावहरू

अध्ययन क्षेत्रको भौगोलिक अवस्था, आर्थिक विपन्नता अभाव एवम् अज्ञानताका जीवनयापन गरिरहेका यस गा.वि.स. राजपुर वडा नं. ६ को बासिन्दा विकासका आधिकांश पूर्वाधारबाट अलग्गिएका छन् । यस्तो परिस्थिति एवम् पिछडिएका समुदायको बसोबास गर्ने मुसहरहरूको अवस्था झन कस्तो होला भनेर सहजै परिकल्पना गर्न सकिन्छ । परिमाणात्मक रूपमा मुसहर समुदायको शिक्षाप्रतिको बद्लिँदो अवस्थाका कारकतत्व बदलिदो परिवेश र यी संघ संस्थाका शैक्षिक कार्यक्रमहरु हुन । उच्च शिक्षामा पहुँच शून्यताको अवस्था भए पनि विद्यालय शिक्षातर्फ यिनीहरूको पहुँच सन्तोषयोग्य रहेको देखिन्छ । यसका अवस्थाका श्रेय विहानी कक्षा, स्टेशनरी वितरण, परामर्श सेवा छन् भने औपचारिक शिक्षाले उनीहरूको फुर्सदको समय, साक्षर हुन पाउने, गणितीय सीप एवम् पढ्नलेख्न पाउनेजस्ता अवसरको विकास गराइएकोलाई लिन सकिन्छ ।

यस्ता पक्षहरूसँगै यि कार्यक्रमहरु र तिनको संघसंस्थाहरूको ग्रामिण परिवेशप्रतिको उपेक्षा गर्ने प्रवृत्ति, कार्यक्रम कार्यान्वयन गर्ने शैली, संचालित कार्यक्रमको अनुगमन एवम् सुपरीवेक्षण गर्ने पद्धति तथा संचालित अनौपचारिक शिक्षाका कार्यक्रमहरूले पाठ्यक्रमहरूका सम्बन्धमा प्राप्त निष्कर्षको आधारमा निम्न सुझावहरू प्रस्तुत गर्न सकिन्छ ।

अध्ययनका क्रममा प्राप्त निष्कर्ष र सो को आधारमा प्रस्तुत गरिएको सुझावहरू मुसहरहरूको शैक्षिक विकासका निम्ति अग्रसार संघसंस्थाहरू, तिनका संचालक, सहयोगी कार्यकर्ता, शिक्षाप्रेमी, विभिन्न विदेशी दातृहरू लगायत नेपाल सरकार र कार्यन्वयन सहभागीहरूले निश्चित रूपमा ध्यान दिनुपर्ने देखिन्छ । जसलाई सुझावका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

## ५.२.१ नितिगत तह

यी संघसंस्थाहरूले संचालन गर्न खोजेको शैक्षिक कार्यक्रमको पाठ्यक्रम स्थानीयपन झल्काउने किसिमको हुनुपर्दछ । अर्थात् पाठ्यक्रममा स्थानीय स्तरका शिक्षाविद्, अर्थशास्त्री, समाजशास्त्री, संस्कृतिविद्, राजनीतिज्ञ, समाजसेवी, मनोवैज्ञानिकसँगको सल्लाहमा तयार गर्नुपर्दछ । यसरी निर्माण गरिएको पाठ्यक्रम स्थानीय भाषा संस्कृतिको सहभागिहरूको पेशागत सीप, एवम् जनजीवनसँग सम्बन्धित गराउने किसिमको हुनुपर्दछ । अनौपचारिक शिक्षाअन्तर्गत चेलीबेटी शिक्षा महिलामुखी हुने भएकोले यस कार्यक्रममा महिला लेखपढ, व्यवहारिक सीप तथा जीवनसँग सम्बन्धित गराउनुपर्ने देखिन्छ । तसर्थ उनीहरूलाई मातृस्वास्थ्य, पोषण तथा यौन शिक्षासम्बन्धी समान्य जानकारी दिने विषयवस्तु प्रस्तुत गर्नुपर्दछ । संघसंस्थाले संचालन गरेको कार्यक्रममा लैङ्गिक, जातीय, धार्मिकजस्ता विभेदीकरण गर्ने सामाजिक कुरीति, परम्परागत

अन्धविश्वास प्रदर्शित गर्ने विषयवस्तु भएका सामग्री समावेश गर्नुहुदैन । संघसंस्थाहरूले मुसहर समुदायमा संचालन गर्न खोजेको शैक्षिक कार्यक्रम अघि नै सो कार्यक्रम सम्बन्धी उनीहरूबीच सचेतना अभियान प्रचारप्रसार एवम् अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्दछ ।संघसंस्थाहरूले यि कार्यक्रमहरूका लागि आवश्यक सहयोगी कार्यकर्ताहरू मुसहर समुदायबाटै आवश्यक योग्यता पुगेकालाई मुख्य रूपले ग्राह्यताका साथ छनौट गर्नुका साथै उनीहरूलाई आवश्यक तालिम प्रदान गर्नुपर्दछ ।

## ५.२.२ कार्यान्वयन तह

समुदायमा संचालित कार्यक्रममा आफ्नो सहभागिता सुनिश्चित बेलामै गराइनु पर्दछ । संचालित कार्यक्रममा नियमित रूपले उपस्थित भई कार्यक्रमको दौरानमा संचालित हरेक क्रियाकलापमा आफ्नो सक्रियता बढाउनु पर्ने हुन्छ । आफूले महसुस गरेको समस्या तथा कठिनाई सहपाठी एवम् कार्यक्रमका सहभागी कार्यकर्ता समक्ष व्यक्त गर्नुपर्दछ ।.सहभागी स्वयम्ले सिकेका गणितीय सीप, लेखपढका सीपहरू दैनिक व्यवहारमा उतार्ने विभिन्न प्रयासहरू गर्नुपर्दछ । सहभागीले आफ्नो समुदायमा घटेका घटनाका सम्बन्धमा आफूलाई लागेका विचार राख्ने र समूहमा छलफलका गर्ने तथा सामूहिक निष्कर्ष आत्मसात गर्नुपर्दछ । सहभागीहरूले कार्यक्रम संचालनको क्रममा देखापर्ने पाठ्यक्रमका व्यवस्थापकीय एवम् कर्मचारी/सहयोगी कार्यकर्ताको कमि कमजोरी स्पष्ट रूपमा औंल्याई आवश्यक सुधारका उपायहरू व्यक्त गर्दै जानुपर्दछ ।

शैक्षिक संस्थाभित्र भइरहेका कार्यहरुको नियमित अवलोकन, अनुगमन र सुपरीवेक्षण गरी त्यसको अभिलेख राख्ने तथा सरोकारवालासँग अन्तरक्रिया गरी सुधारका लागि प्रयत्नशील रहनु पर्दछ । शिक्षण सिकाईलाई विद्यार्थी केन्द्रीत

गराउन मुसहर विद्यार्थीको रुचि, छात्रवृति, आवश्यकता स्वभाव र उमेर अनुसारका शैक्षिक सामग्रीको प्रवन्ध र भौतिक सुविधा मिलाउन स्थानीय चन्दादाता, गाउँ विकास समिति, संघसंस्थाबाट आर्थिक सहयोग जुटाउनु पर्दछ। विद्यार्थीको सिकाई उपलब्धि र प्रगति मूल्याङ्कन गर्न अन्तिम परीक्षालाईमात्र प्रमुख आधार बनाएको देखियो। खासगरी गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता, विद्यार्थी अवलोकनलाई समेत मूल्याङ्कनको आधार बनाइनु पर्दछ र विद्यार्थी प्रगतिको नियमित जानकारी विद्यार्थी र अभिभावकलाई गराइनु पर्दछ। विद्यालयले आयोजना गर्ने विभिन्न उत्सव, समारोह, कार्यक्रमहरुमा शिक्षक र अभिभावकहरुलाई सम्मान गर्ने तथा विद्यार्थीहरुलाई पुरस्कार दिई उत्साहजनक सहभागिता बढाइनु पर्दछ।

विद्यालयको शैक्षिक स्तर वृद्धिमा महिलाको भूमिका विद्यालयको शैक्षिक स्तर वृद्धिमा सरोकारवालाहरुको सहभागिताको अवस्था विद्यालयहरुमा मूल्याङ्कनको अवस्था आदि विषयमा अनुसन्धान गर्न सकिन्छ। यसका साथै मधेशी मुसहर बालबालिकाहरुलाई विद्यालय शिक्षामा सहभागि गराउन निम्न कुराहरु गर्न जरुरी देखिन्छ। मुसहर बालबालिकालाई शैक्षिक संस्थासम्म पुऱ्याउनको निम्ति लुगाफाटो, किताव कापीको व्यवस्था सम्वन्धित पक्षले गरिदिनु पर्छ। मुसहरलाई उनीहरुको अधिकार र कर्तब्यबाट सचेत गराउनु पर्छ। समाजमा विद्यालय शिक्षा सम्वन्धि जनचेतना जगाउनु पर्छ।

### ५.२.३ अनुसन्धान तह

कार्यक्रमको प्रस्तुति पूर्णरूपमा स्थानीयपन प्रदर्शित गरी स्थानीय भाषा, उपलब्ध समयको आधारमा गर्नु पर्दछ। कार्यक्रमको निम्ति निर्धारण गरिएका पाठ्यक्रमको विषयवस्तुमा देखापर्ने रुढिबादी चिन्तन, सोच, जातीय, लैङ्गिक, धार्मिकजस्ता विभेदहरूको पहिचान गर्नसक्नु पर्ने हुन्छ। साथै स्वयम् यस्ता विभेदबाट मुक्त हुनुपर्दछ। अर्थात आफूबाट त्यस्ता विभेदसूचक क्रियाकलापदेखि सतर्क हुनुपर्दछ। सहयोगी कार्यकर्ता परम्परागत शिक्षण

विधिको वैकल्पिक विधि सहभागी केन्द्रित विधि अवलम्वन गरी शिक्षण गर्नु पर्दछ । शैक्षिक क्रियाकलापसँगै सहभागीहरको पेशागत दैनिक जीवनका जटिलताका सम्बन्धमा छलफल गराउनुका साथै समस्या समाधानका उपायहरू केलाउनु पर्दछ । विशेष जाति समुह र लक्षित वर्गमा कार्यक्रम जानु पर्ने व्यवस्था मिलाउनु पर्दछ । यस अध्ययनको क्रममा अनुसन्धान गर्दा यस्ता विभिन्न क्षेत्रहरु देखा परेका छन् । जसको बारेमा थप अध्ययन अनुसन्धानको आवश्यक्ता देखिन्छ । अध्ययन कर्ताले सीमित क्षेत्रमा गरिएको प्रस्तुत शिर्षकको अध्ययनलाई गहन रुपमा चिन्तन मनन गरी सम्बद्ध निकायले राष्ट्रिय स्तरको अध्ययन अनुसन्धान गर्न थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । यसले आगामी अनुसन्धानलाई महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नेछ । भावी अनुसन्धानका लागि थप सम्भाव्य शीर्षकहरु र  त्यस्ता केही महत्वपूर्ण पक्षहरुलाई तल उल्लेख गरिएको छ । विद्यालयको शैक्षिक स्तर वृद्धिमा मधेशी दलितको भूमिका एक अध्ययन विद्यालयको शैक्षिक स्तर वृद्धिमा सरोकारवालाहरुको सहभागिताको अवस्था एक अध्ययन विद्यालयहरुमा मूल्याङ्कनको अवस्था र चुनौतिहरु एक अध्ययन । सहयोगी कार्यकर्ताले/कर्मचारीले समय समयमा सरसफाई स्वास्थ्यसम्बन्धी चेतना जस्तै बिरामी हुनुका कारण, रोगहरू लाग्नबाट जोगिने उपायहरूबारे सचेत गराउनका साथै, ती उपायहरूलाई दैनिक जीवनमा उतार्न अभिप्रेरित गर्नुपर्दछ । कार्यक्रमको सुपरिवेक्षणबाट प्राप्त सुझावहरूलाई राम्ररी मनन गरी आफूलाई सच्याउने प्रयास गर्नुपर्दछ । सामाजिक कुरीति, विकृति विसङ्गति एवम् परम्परागत कुप्रथाप्रति सहभागीहरूलाई सचेत बनाई वैज्ञानिक चिन्तनको विकास गराउने पहल आफैबाट गर्नुपर्दछ ।

# सन्दर्भसामग्री


अधिकारी, निलमशेखर (२००२), ***नेपालमा जातीय आन्दोलन,*** श्री कृपासुर शेर्पा ।

किसान, यामबहादुर (२००२) ***नेपालमा जातीय मुक्ति आन्दोलन,*** जनउत्थान प्रतिष्ठान, काठमाडौँ ।

लाम्गादे, भोजराज (२००४), ***मुसहर मानव अधिकारको अवस्था २००४ र कानुनी व्यवस्था,*** जन उत्थान प्रतिष्ठान (Jup, Nepal), न्यूप्लाजा, पुतलीसडक, काठमाडौँ ।

सिंह, शिवकुमार (२०६२), ***मुसहर जातिको शैक्षिक अवस्था र आर्थिक सामाजिक अवस्था,*** *धनुषा जिल्लाको हरिपुर गा.वि.स. वडा नं. ५ को एक अध्ययन*।

शर्मा, लालप्रसाद (२०५९), ***मुसहर जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था चितवन जिल्ला मेघौली गा.वि.स.का मुसहरहरूको एक अध्ययन*** स्नातकोत्तर, समाजशास्त्र/मानवशास्त्र शिक्षण विभाग प्रकाशित शोधपत्र, कीर्तिपुर ।

सुवेदी, गोकर्ण (२०६१), ***मुसहर जातिका बालबालिका र यिनीहरूमाथिको सामाजिक न्याय*** *एक घटना अध्ययन ।*

राय, राजेश्वर (२०६१), ***मुसहर जातिको शिक्षा र सामाजिक न्याय सर्लाही हरिपूर्वा गा.वि.स.स्थित हरिपूर्वा गाउँको अध्ययन,*** स्नातकोत्तर शिक्षाशास्त्र संकाय ।

दाहाल, यज्ञरथ (२०६१), ***"प्राथमिक विद्यालयमा मुसहर बालबालिकाहरूको शिक्षामा सहभागिता एक अध्ययन,*** जिल्ला संखुवासभा शिक्षाशास्त्र संकाय, केन्द्रीय क्याम्पस पाठ्यक्रम तथा मूल्याङ्कन विभाग कीर्तिपुर, काठमाडौँ ।

पोखेल, भवानी (२०५३) ***मोरङ्ग बिराटनगर नगरपालिका वडा नं. ५ को मुसहर जातिका एक*** *अध्ययन*।

दाहाल, महेशराज (२०५३), ***मुसहर जाति एक अध्ययन,*** टि.यू. अनुसन्धान विभाग, काठमाडौँ ।

पराजुली, ताराप्रसाद (२००१) ***रूपन्देही जिल्ला केरवानी गा.वि.स. मुसहर जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक एक स***
Sociology.

सदा, असर्फी (२००४) ***तरायन मुसहरहरू,*** राष्ट्रिय मुसहर आयोग, काठमाडौँ

शर्मा, चिरन्जीवि (२०५४) ***शिक्षाका आधारहरू,*** एम्. के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी, काठमाडौँ ।

जोशी, नवराज, (२०६४) ***अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिला सहभागिता र यसको प्रभावकारिता एक अध्ययन,*** *स्नातकोत्तर,* शिक्षाशास्त्र संकाय, पाठ्यक्रम मूल्याङ्कन विभाग

ढकाल, चुरामणि (२०६३), ***थारु छात्राहरुको प्राथमिक तहको शैक्षिक अवस्था (बर्दिया जिल्ला एक अध्ययन,*** स्नातकोत्तर शिक्षा शास्त्र संकाय, पाठ्यक्रम मूल्याङ्कन विभाग

जिल्ला प्रोफाईल २०५८, ***केन्द्रीय तथ्याङ्क विभाग,*** थापाथाली काठमाडौँ ।

गा.वि.स. प्रोफाइल, २०५८ जि.वि.स. सिरहा ।

Save the Children (U.S.A.) Branch office Siraha (1998***), Children and Traditional caste in Siraha district***, Nepal.

Sharma, Lila Mani (1999), ***Social Determinants of Fertility among Rural women***: A case study of Musahar Community of Bhawanipur VDC Siraha, Ktm. ***Dissertation in Sociology/Anthropology***, Kirtipur, Nepal.

CBS 2002, ***Population Monograph of Nepal 2002***, CBS, Nepal.

Moktan, Dhan Bahadur (1973) ***Socio-economic Factors of Affecting the Study of Badahara Mal VDC of Siraha District***, Ktm, M.A. Dissertation in Sociology.

Bista, Dor Bdr. (1973): ***People of Nepal***, Ratna Pustak Bhandar Ktm, Nepal

CBS 1995, ***Population Monograph of Nepal***, 1995 CBS Nepal.

Thapa, Kaji Ram (2002): ***Socio-economics Factors Affecting the educational Stattus of Musahar Community***, A case study of Morang District of Nepal, Ktm., (M.A. Dissertation in Geography).

## मुसहर वालवालिकाहरुको शैक्षिक उपलव्धीस्तर

**अनुसूची १**

संघसंस्थाका प्रमुख÷उपप्रमुख गरिने प्रश्नावली

**संस्थाको नाम :** **उमेर :**
**कार्यालय प्रमुख/उपप्रमुखको नाम :** **शैक्षिक योग्यता :**
**पद :** **सम्बन्धित**
**क्षेत्रको अनुभव** :

१. तपाईले यस संस्थाको प्रमुखको जिम्मेवारी वहन गरेको कति वर्ष भयो ?
२. तपाईको संस्थाको उद्देश्यहरू के के छन् ?
३. यस संस्थाले मुसहर समुदायमा के कस्ता कार्यक्रम संचालन गरिरहेका छन् ?

| क.सं. | कार्याक्रमको नाम | कार्यालय संचालन | | कार्यक्रम संचालन हुने समय | सहभागी संख्या | उमेर समूह | कार्याकर्ताको संख्या |
|---|---|---|---|---|---|---|---|
| | | सुरु मिति | अन्तिम | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| ९. | | | | | | | |
| १०. | | | | | | | |

४. यी कार्यक्रमहरूमध्ये तपाईको संस्थाको मुसहर समुदायमा सुरुवात कुन कार्यक्रमबाट गरे ?

५. संचालित कार्यक्रममा आर्थिक खर्च कसरी परिपूर्ति गरिरहनु भएको छ ?

६. संचालित कार्यक्रमहरूमा मुसहरहरूको सहभागितालाई कुन रुपमा लिनु भएको छ ?

७. तपाईको विचारमा उक्त कार्यक्रममा त्यस प्रकारको सहभागिता किन भए होला ?

८. तपाईको विचारमा यस संस्थाले संचालन गरेका कार्यक्रमहरूमध्ये यस समुदायका निम्ति सबैभन्दा प्रभावकारी कुन कार्यक्रम छन् ?
९. तपाईको यस संस्थाले अगामी दिनमा कुनै नयाँ थप कार्यक्रमहरू संचालन गर्ने योजना बनाउनु भएको छ ?
१०. तपाईले संचालित ती कार्यक्रमहरूले तिनीहरूको जीवनमा कस्तो प्रभाव पारेको पाउनु भएको छ ?
११. तपाईको विचारमा यस समुदायको शैक्षिक अवस्थालाई सुधार गरी राष्ट्रको मूलधारमा ल्याउन के कस्तो कार्यक्रम थप गर्नुपर्ला ?

## मुसहर वालवालिकाहरुको शैक्षिक उपलब्धीस्तर
### अनुसूची २

## सहभागीसँगको अन्तर्वार्तामा सोधिने प्रश्नावली

**सहभागीको नाम :**........................ **उमेर :**..............

**कार्यक्रमको नाम :** ...................... **संस्थाको नाम :** ..............

१. तपाईको समुदायिक शैक्षिक कार्यक्रममा सहभागी संघसंस्थाहरू कुन कुन हुन् ?
२. ती संघसंस्थाहरूले हाल के कस्ता कार्यक्रमहरू संचालन गरिरहेका छन् ?
३. ती कार्यक्रममध्ये तपाईको विचारमा कुन कार्यक्रम बढी प्रभावशाली अर्थात् बढी व्यक्तिहरूले रुचाएका छन् ?
४. तपाईले यो कार्यक्रम मन पराउनका कारण के-के छन् ?
५. तपाईले छनौट गरेको उक्त शैक्षिक कार्यक्रम कति बेला, कति समयसम्म संचालन गरिन्छ ?
६. तपाई त्यहाँ के-के विषय पढ्नुहुन्छ ?
७. तपाईले त्यस संस्थामा के कस्ता सीपहरू सिक्नुहुन्छ ?
८. तपाईलाई त्यहाँ सरसफाईसम्बन्धी के कस्ता कुरा सिकाउँछन् ?
९. के तपाईले स्वस्थ रहने उपायहरुबारे त्यहाँ चर्चा परिचर्चा गराइएको पाउन भएको छ ? ती के के हुन् ?
१०. राती सुन्दा तपाईले झुलको प्रयोग गर्नुभएको छ ?
११. खाना खानु अघिपछि तपाईले हात धुनुहुन्छ ? हो भने कसरी र किन ?
१२. दिसा बसेर आएपछि तपाई हातखुट्टा धुनुहुन्छ ? किन ?
१३. तपाईको पेशा के हो ?
१४. तपाईको कति दैनिक तथा मासिक रुपमा कति आर्य आर्जन गर्नुहुन्छ ?
१५. तपाईलाई यस संस्थाले संचालन गरेका कार्यक्रमहरू सफल वा असफल कस्तो लाग्छ ?
१६. तपाईको छिमेकीले ती कार्यक्रमहरूमा सहभागी हुन सल्लाह मागेमा तपाई के सल्लाह दिनुहुन्छ ?
१७. तपाईजस्ता सहभागीको दैनिक जीवनमा यी कार्यक्रमहरुले कस्तो मद्दत गर्छ जस्तो लाग्छ ?
१८. तपाईको जीवनमा यी संघसंस्थाका कार्यक्रमले के कस्तो परिवर्तन ल्याएका छन् ?
१९. यस मुसहर समुदायको शैक्षिकस्तर अभिवृद्धि गर्न यी संघसंस्थाले के कस्ता कार्यक्रमहरू अझ ल्याउनु पर्ने तपाईले पाउनु भएको छ ?

# मुसहर वालवालिकाहरुको शैक्षिक उपलब्धीस्तर

## अनुसूची ३

## शैक्षिक सर्वेक्षण २०७१

**घरमुलीको नाम :**

**उमेर :**

**शैक्षिक अवस्था :**

**पेशा :**

**परिवारको संख्या :**

**मिति :**

| परिवारका सदस्यहरूको नाम | उमेर | लिङ्ग | घरमूलीसँगको नाता | पेशा | शैक्षिक अवस्था | | | | | मासि… आय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | औपचारिक | अनौपचारिक शिक्षा | | | निरक्षर | |
| | | | | | | चेलीबेटी शिक्षा | प्रौढ शिक्षा | अन्य | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

.................................

**घरमुलीको हस्ताक्षर**

**सर्वेक्षक/अनुसन्धानकर्ताको हस्ताक्षर**